स्वर्गद्वारी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय भिंगृ,
प्यूठान
५ नं प्रदेश, नेपाल

# व्यावसायिक कृषि तथा पशुपंक्षी पकेट क्षेत्र विश्लेषण तथा पहिचान प्रतिवेदन

वैशाख, २०७६

सर्वाधिकार © : स्वर्गद्वारी नगरपालिकामा सुरक्षित

(यस प्रतिवेदनमा समेटिएका विषयवस्तु एवं चित्रहरु गैर व्यापारिक उद्देश्यका लागि श्रोत उल्लेख गरि प्रयोग गर्न सकिने छ । तर व्यापारिक उद्देश्य राखी वा नाम परिवर्तन गरी अन्य किसिमवाट स्वर्गद्वारी नगरपालिकाको पूर्व स्वीकृती विना प्रकाशन गर्न पाईने छैन ।

सम्पर्क ठेगाना :

स्वर्गद्वारी नगरपालिका
स्वर्गद्वारी नगर कार्यपालिकाको कार्यालय
भिंगृ, प्यूठान ५ नं. प्रदेश, नेपाल

अध्ययनमा सहकार्य गर्ने

निकायहरु

सुशासन तथा जीविकोपार्जन (GAOL)परियोजनामा संलग्न साझेदार संस्थाहरु

| | | | |
|---|---|---|---|
| Australian Aid | ADRA | रूपान्तरण RUPANTARAN | FIRDO Nepal |

अध्ययनमा संलग्न व्यक्तिहरु

श्री कृष्ण सापकोटा, कृषि तथा पशपक्षी विज्ञ एवं टोली नेता

श्री शंकर भट्ट, गोल परियोजना संयोजक, रुपान्तरण

श्री सुरेश ओली, कृषि विज्ञ एवं सूचना संकलनकर्ता

श्री मोहन सुवेदी, फिल्ड अफिसर, गोल परियोजना रुपान्तरण

व्यावसायिक कृषि तथा पशूपंक्षी पकेट क्षत्रे

## नगरपालिका प्रमुखज्यूको भनाई

नेपाल सरकारको समृद्ध नेपाल सुखी नेपालीको नारालाई स्वर्गद्वारी नगरपालिकाले आत्मसात गरी नगरलाई आत्मनिर्भर बनाउने उद्देश्य अनुरुप आफ्नो विकास बजेटको उल्लेख्य हिस्सा आधुनिक कृषि उत्पादन, व्यवसायिक पशुपालन, पर्यटन प्रवर्धन, फलफुल उत्पादन तथा गैरकाष्ट वन पैदावारको क्षेत्रमा विनियोजन

गरी नगरवासीहरुलाई व्यवसाय प्रवर्धनको माध्यमवाट स्वरोजगार बनाउदै आत्मनिर्भरतातिर उन्मुख गराउने उद्देश्य अनुरुप आफ्ना नीति तथा कार्यक्रमहरु तय गरेको छ ।

ग्रामीण वस्ति भएको यस नगरपालिकाका सवै वडाहरुमा कृषि, पशुपालन, फलफुल व्यवसाय, जडिबुटी तथा खाद्यान्न वाली उत्पादनको प्रचुर सम्भावना हुँदाहुँदै यि क्षेत्रको व्यवसायिकरण हुन नसक्दा ठुलो जनसंख्या विदेशिनु परेको यथार्थ पनि यस क्षेत्रले भोग्दै आएको छ । यसै सन्दर्भमा कृषि, पशु विकास तथा फलफुल र गैर काष्ठ वन पैदावार क्षेत्रलाई व्यवसायिक बनाउने उद्देश्यले यस नगरपालिकाले पकेट क्षेत्र पहिचान गरी सोही अनुरुप आफ्ना आगामी कार्यक्रम सञ्चलन गर्ने उद्देश्यले नगरपालिकाका सवै वडालाई समेटी विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ । यस अध्ययनले यि सवै क्षेत्रको उत्पादनको हालको अवस्था, भविश्यको सम्भावना, सेवा सुविधाको पर्याप्तता, पुर्वाधारको अवस्था जस्ता अत्यावश्यक विषयहरुमा विस्तृत जानकारी प्रदान गरेको छ । साथै आगामी कार्यक्रमहरु कुन क्षेत्रलाई प्राथमिकतामा राखी सञ्चालन गर्ने भन्ने खाका तथा वस्ति स्तरका योजनाहरु समेत यस अध्ययनले प्रस्तुत गरेको हुँदा नगरपालिकाले परिणममुखी योजनाहरु कार्यान्वयन गरी ग्रामीण कृषकहरुलाई स्वरोजगार बनाई आत्मनिर्भर नगरपालिकाको पहिचान बनाउन सफल हुने विश्वास लिएको छु ।

यस अध्ययनलाई सम्पन्न गर्न आर्थिक तथा प्राविधिक साझेदारी गर्ने आड्रा नेपाल/रुपान्तरण/फुलवारी एकिकृत ग्रामीण विकास संस्था नेपालद्वारा सञ्चालित सुशासन तथा जीविकोपार्जन (GOAL) परियोजना, अध्ययनमा सम्लग्न भएका अध्ययनकर्ताहरु, सल्लाह सुझाव प्रदान गर्ने र वस्ति स्तरमा अध्ययनलाई सफल पार्न सहयोग गर्ने सम्पुर्ण जन प्रतिनिधि तथा कर्मचारीहरु र वस्ति स्तरमा सहभागी हुने आम समुदायलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी वार्षिक योजनामा यस अध्ययनले तय गरेका कार्यक्रमहरु सञ्चालन गर्दै लैजाने प्रतिवद्धता सहित प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सवैलाई धन्यवाद ।

..................................

नेत्र बहादुर रोका क्षेत्री

नगर प्रमुख

## विषयसुची

सक्षिप्त शव्दहरु ८
१. पृष्ठभुमी र अध्ययनको आवश्यकता ९
१.१ हावापानी अवस्था : १०
१.२ भुवनोट एवं भुउपयोगको अवस्था : १२
२.६ भौगोलिक अवस्था १३
२. उद्देश्यहरु, प्रक्रिया र सीमाहरु १५
२.१ उद्देश्यहरु १५
२.२ अध्ययनको क्षत्रे (दायरा) हरु १५
कार्ययोजना तयार १६
२.३ अध्ययन विधि तथा प्रक्रिया १६
२.३.१ अध्ययनका सामान्य पद्दति १७
२.३.२ तथ्यांक संकलन विधि १८
२.३.३ विश्लेषण खाका र तालिकावद्ध गर्ने कार्य १८
२.३.४ प्रतिवेदन लेखन १९
२.३.४ नगरपालिका तहमा निष्कर्षहरु प्रस्तूती १९
२.३.५ अन्तिम प्रतिवेदन तयारी १९

२.४ अध्ययनका सिमाहरु ... १९

३.५ अध्ययनको औचित्य ... २०

४. अध्ययनको निष्कर्षहरु ... २१

४.१ कृषि तथा पशूपंक्षि पकेट क्षेत्रको पहिचान ... २१

चित्र ९ पहिचान भएका व्यवसायिक पकेट क्षेत्रको नक्सा ... २२

५. मुख्य कृषि तथा पशूपंक्षि व्यवसाहिक पकेट क्षेत्रको पहिचान ... २४

५.१ तरकारी खेती ... २४

५.१.१ तरकारी खेतीकालागि अवसरहरु ... २५

५.१.२ मुख्य समस्या र चूनौतिहरु ... २६

५.१.३ मुख्य सूझाव र सिफारीसहरु ... २७

तरकारी वालीलाई व्यवसाहिक वनाउनका लागि तपसिलका सूझावहरु पहिचान एवं सिफारीस गरिएका ५न् ... २७

५.२ पशुपालन ... २७

५.२.१ अवसरहरु ... २८

५.२.२ मुख्य चूनौतिहरु ... २९

५.२.३ मुख्य सूझावहरु ... २९

५.३ गैरकाष्ट वन पैदावारहरु ... ३०

५.३.१ गैरकाष्ट वन पैदावारका अवसरहरु ... ३०

५.३.२ मुख्य चूनौतिहरु ३०

५.३.३ मुख्य सूझावहरु ३१

६ कृषि तथा पशूपक्षि व्यवसायिकरणका लागि सेवा प्रदायकहरुको उपलव्धता ३१

६.१ कृषि सेवा प्रदायकको उपलव्धता ३१

६.२. वित्तिय सेवा प्रदायकको उपलव्धता ३२

६.३.१ कृषिजन्य उत्पादित वस्तूहरुको बजारीकरणका चूनौतिहरु ३५

७. उपयूक्त वातावरण र सहयोगी सेवाहरु ३५

७.१ सिंचाईको अवस्था ३५

७.२ विद्यमान र सम्भावित सिंचाई योजनाहरु ३५

३६

७.३ नीतिगत वातावरण ३६

७.४ हाल रहेका कृषक समुहहरु र विश्वास ३६

८. वडागत पकेट क्षेत्रहरु विवरण ३६

८.१ वडा नं. १ का पकेट क्षेत्रको विवरण र विश्लेषण ३६

८.२ वडा नं. २ का पकेट क्षेत्रको विवरण र विश्लेषण ४१

८.३ वडा नं. ३ का पकेट क्षेत्रको विवरण र विश्लेषण ४६

८.४ वडा नं. ४ का पकेट क्षेत्रको विवरण र विश्लेषण ४९

८.५ वडा नं. ५ का पकेट क्षेत्रको विवरण र विश्लेषण ............ ५२
८.६ वडा नं. ६ का पकेट क्षेत्रको विवरण र विश्लेषण ............ ५६
८.७ वडा नं. ७ का पकेट क्षेत्रको विवरण र विश्लेषण ............ ६०
८.८ वडा नं. ८ का पकेट क्षेत्रको विवरण र विश्लेषण ............ ६३
८.९ वडा नं. ९ का पकेट क्षेत्रको विवरण र विश्लेषण ............ ६६
९. निष्कर्षहरु ............ ७०
१०. सर्दभ सामाग्री ............ ७२
११. अनूसुची ............ ७३
११.१ अनूसुची कष्टर समुह केन्द्रित छलफल प्रश्नावली ............ ७३
११.२ अनूसुची वडा तहको छलफल प्रश्नावली ............ ८०
११.३ अनूसुची समुह केन्द्रित छलफलको कार्य तालिका ............ ८१
११.४ अनूसुची पालिका अधिकृतहरुको लागि अनूगमनका चेकलिष्ट ............ ८२

## सक्षिप्त शव्दहरु

AGDP: Agricultural Gross Domestic Product

APP: Agriculture Perspective Plan

BDS: Business Development Services

CBS: Central Bureau of Statistics

DOA: Department of Agriculture

DoC: Department of Customs

DOPP: Directorate of Plant Protection

FGD: Focussed Group Discussion

GOAL: Good Governance and Livelihood Project

KII: Key Informant Interview

LGs: Local Governments

Masl: meters above sea level

MOAC: Ministry of Agriculture and Cooperatives

MoFAGA: Ministry of Federal Affairs and General Administration

NAP: National Agricultural Policy

NARC: Nepal Agricultural Research Council

NGO: Non-Governmental Organization

NPC: National Planning Commission

NTFPs: Non-timber forest products

PHCs: Primary Health Centres

PHMD: Post-Harvest Management Directorate

RARS: Regional Agricultural Research Station RM:

Rural Municipality

SACCOS: Saving and Credit Cooperatives

SDG: Sustainable Development Goals

## १. पृष्ठभुमी र अध्ययनका आवश्यकता

स्वर्गद्वारी नगरपालिका नेपालको प्रदेश नं. ५ अन्तर्गत प्यूठान जिल्लामा पर्दछ। भौगोलिक हिसाबले ८०.०३६०० देखि ८२.०४८३० पूर्वी देशान्तर र २८.०३००५ देखि २८.०१२३० उत्तरी अक्षांशसम्म फैलिएको यस नगरपालिकाको कूल क्षेत्रफल २२४.७० वर्ग कि.मी. रहेको छ। यस नगरपालिकाको उत्तरमा रोल्पा जिल्ला पूर्वमा प्यूठान नगरपालिका, पश्चिममा दाङ, रोल्पा जिल्ला, दक्षिणमा दाङ जिल्ला र माण्डवी गाउँपालिका रहेको छ। साविकका गा.वि.स.हरु कोचिवाङ, स्वर्गद्वारी खाल, भिंगृ, सारी, वेलवास, वर्जीवाङ र गोठिवाङ गाविसहरुलाई समेटेर मिति २०७३ फाल्गुण २२ गते स्वर्गद्वारी नगरपालिका घोषणा गरिएको थियो।

यस नगरपालिकामा कूल ६३ वटा शैक्षिक संस्थाहरु रहेकोमा ९ वटा माध्यमिक विद्यालय, ८ वटा निम्न माध्यमिक विद्यालय र ४६ वटा प्राथमिक विद्यालयहरु र ७ वटा स्वास्थ्य संस्थाहरु रहेका छन्। यस नगरपालिकाको कूल जनसंख्या ३०,९४० रहेको छ (स्वर्गद्वारी नगरपालिकाको पार्श्वचित्र, २०१७/१८)।




चित्र १ स्वर्गद्वारी नगरपालिकाको वडागत नक्सा

### १.१ हावापानी अवस्था :

उष्ण, समशितोष्ण र शितोष्ण हावापानी भएको यस स्वर्गद्वारीको अधिकतम तापक्रम ३३.५ डिग्री सेल्सियस, न्यूनतम तापक्रम ११.८ डिग्री सेल्सियस रहेको पाईन्छ। त्यसै गरी https://www.worldclim.org मा उपलब्ध तापक्रम तथा वर्षा सम्बन्धि जानकारीहरुलाई केलाउँदा यस न.पा.मा विगतमा मात्र नभई भविष्यमा पनि यहाँको औषत वार्षिक तापक्रम

तथा वर्षामा वृद्धि हुँदै जाने प्रष्ट देख्न सकिन्छ । जुन तलको चित्रहरुमा प्रस्तुत गरिएको छ । यसर्थ यस न.पा.मा जलवायु परिवर्तनको प्रभाव भविष्यमा अझ बढ्दै जाने देखिन्छ ।







चित्र २स्वर्गद्वारी नगरपालिकाको १९७०-२००० तथा २०५० को औषत वार्षिक तापक्रम नक्शा







चित्र३स्वर्गद्वारी नगरपालिकाको १९७०-२००० तथा २०५० को औषत वार्षिक वर्षा नक्शा

## १.२ भुवनोट एवं भुउपयोगका े अवस्था :

पानीको श्रोतको अवस्था ठिकै रहेको यस न.पा.का खेतीयोग्य जमिनमा सिंचाई कुलोको उचित व्यवस्था नहुँदा पर्याप्त सिंचाई सुविधा पुऱ्याउन सकेको देखिंदैन । न.पा.का अधिकांश घरधुरीहरुको खानेपानीमा राम्रो पहुँच भएपनि व्यवस्थित खानेपानी योजनाका अभावमा यहाँका समुदायले प्रशस्त मात्रामा खानेपानीको प्रयोग गर्न पाएका छैनन् । न.पा.का आधा भन्दा बढी (५२.१४%) जसो भू–भाग वन क्षेत्रले ओगटेको छ । यसर्थ यहाँका वन क्षेत्रको समुचित व्यवस्थापन गर्न सक्ने हो भने यहाँ पैदावारमा आधारित उद्योगहरुको राम्रो संभावना छ । वैकल्पिक उर्जाको अभावमा यहाँका धेरै जसो घरधुरीहरुले हालसम्म पनि ईन्धनका रुपमा दाउरानै प्रयोग गरिरहेका छन् । यस न.पा.को समग्र प्राकृतिक श्रोत तथा भू–उपयोगको जानकारी तलका चित्र ४मा प्रस्तुत गरिएको छ । चित्र ४वर्गद्वारी नगरपालिकाको प्राकृतिक श्रोत तथा भू–उपयोगका




यसरी नै यस नगरपालिका रहेका खोला तथा अवस्था नदीहरुलाई चित्र ५ देखाएको छ ।




चित्र५स्वर्गद्वारी नगरपालिकामा रहेका खोला/नदीहरु

## २.६ भौगोलिक अवस्था

यो न.पा. समुद्री सतहबाट ६०० मीटर देखि लिएर २००० मीटर भन्दा माथी रहेका भू–भागहरु मिलेर बनेको छ। यसर्थ यहाँका बेशीहरु न्याना छन् भने पहाडी भू–भागहरु तुलनात्मक रुपमा चिसा छन्। त्यसै गरी यहाँका बेशीहरु समथर छन् भने पहाडी भू–भागहरु भिराला छन्। जसले गर्दा यहाँका बेशीहरु धेरै जसो कृषि उपयोगकोलागी योग्य रहेको देखिन्छ भने पहाडी भू–भागहरु वन जंगलले ढाकेको छ। यसरी नै १० डिग्री देखि ५० डिग्री सम्मको भिरालोपन रहेको भूभागहरु रहेका छन्। भिरालोपनको अवश्थालाई चित्र ७ मा देखाएको छ।




चित्र६स्वर्गद्वारी नगरपालिकाको उचाई नक्शा




चित्र७स्वर्गद्वारी नगरपालिकाको भिरालोपन नक्शा

साथै यस न.पा.को सबै भू–भागहरुमा अम्लीयपना भएको माटो रहेको देखिन्छ भने बेशीहरुको तुलनामा पहाडी भू–भागहरुमा अझ बढी अम्लीयपनको समस्या रहेको देखिन्छ ।




चित्र १. स्वर्गद्वारी नगरपालिकाको माटोको अम्लीयपन नक्शा

यस नगरपालिका आफ्नै स्रोत र साधनबाट जनताको जीविकोपार्जन सुदृढिकरणकालागि लागिपरेको छ भने यसका लागि विकास साझेदार संस्था र विभिन्न परियोजनाहरुसंग पनि समन्वय र सहकार्य गर्दै आएको छ । कृषकहरुसंग काम गर्दै लाभग्राहीहरुको जीविकोपार्जन सुधारका लागि संचालित गोल परियोजनाले कृषि तथा गैरकृषि उत्पादन वृद्धिमा काम गर्दै आएको छ । यस विकसित परिवेशमा अझै प्रयाप्त उत्पादन गर्न नसक्नु र बजारको माग पूरा गर्न नसक्नु विद्यमान चुनौति रहँदै आएको छ । यसका साथै अनिश्चित बजारको कारणले किसानहरुले कम उत्पादन गर्दै आएको छ । स्थानीय कृषक, सरोकारवाला र स्थानीय सरकारसंगको परामर्शबाट व्यवसायिक कृषि र वजार विकासको लागि यस नगरपालिकामा हुने उपयुक्त बालीहरु र उत्पादित हुने स्थानहरु पहिचान गर्नु आवश्यक ठानिएको थियो ।  यस अध्ययनको मान्यताहरु निम्न रहेका छन्:

- ❖ अन्नवाली उत्पादनको तुलनामा तरकारी उत्पादन गर्न वढी श्रम र प्राविधिक कार्य हुनुका साथै प्रतिफल लामो समयपछि मात्र प्राप्त हुन्छ ।
- ❖ नेपालको कृषि उपयुक्त विविधताले गर्दा विभिन्न प्रकारका तरकारीजन्य उत्पादन गर्नका फाईदा भएको छ ।

- ❖ तरकारी उच्च मूल्यको वस्तु भएको र उपयुक्त ठाउँको लागि यो नाफामूखी आयआर्जन गर्ने अवसरको रुपमा रहेको छ ।
- ❖ पशुपालन एक दीगो र न्यून श्रममा साथै सडकको न्यून पहुँच भएको स्थानमा र भिरालो सिंचाई नहुने जग्गामा वा बालीनाली भूक्षय भई नष्ट हुने स्थानमा गर्न सकिने एक प्रमुख आयआर्जन क्रियाकलाप हो ।
- ❖ ताजा तरकारी उत्पादन अन्य कृषि उत्पादित वस्तुहरु भन्दा मूल्य, परिणाम र विविधताको सन्दर्भमा बजारमा कम जोखिम हुने वस्तु हो ।
- ❖ जिम्मेवार निकायहरुबाट उल्लेखित कार्यहरु समयमा सम्पन्न गर्न सकेमा व्यवसायिक क्षेत्र विकासका लागि सहयोग पुग्नेछ ।

## २. उद्देश्यहरु, प्रक्रिया र सीमाहरु

२.१उद्देश्यहरु यस अध्ययनको उद्देश्य उत्पादनको हालको अवस्था र जीविकोपार्जनका विभिन्न क्षेत्र मध्ये कृषिजन्य र पशुपालन क्षेत्रको बजारीकरण रहेको छ । साथै यस अध्ययनले उत्पादन हुने क्षेत्रको पर्याप्त जानकारी प्रदान गर्दै चासो राख्ने सरोकारवालाहरुले उत्पादन वृद्धिमा सहयोग गर्न र नीजि क्षेत्रलाई यस क्षेत्रमा लगानी गर्ने उपायहरु प्रदान गर्नु रहेको छ । यस अध्ययनको उद्देश्यहरु निम्न रहेका छन्: क) नगरपालिको तोकिएको क्षेत्रहरुमा उपयुक्त कृषिजन्य वस्तुहरुको तुलनात्मक फाईदा विश्लेषण गर्ने ख) विद्यमान र संभावित लगानी, सेवा र उत्पादनको बजार प्रक्रिया र सम्वन्धको नक्सांकन गर्ने ग) छनोट भएका क्षेत्रको सक्षम वातावरणको विश्लेषण गर्ने

घ) संभावित कृषि उत्पादनका बस्तुहरुको उत्पादन क्षेत्र साथै यसका वाधा र अवसरहरु पहिचान गर्ने र पहिचान भएका क्षेत्रहरुमा उत्पादन वृद्धिको उपयुक्त वातावरण बनाउन स्थानीय सरकार र अन्य सरोकारवालाहरुको भूमिका पहिचान गर्ने ।

२.२ अध्ययनका ` क्षत्रे (दायरा)हरु

यस अध्ययन केन्द्रीत हुने क्षेत्रहरु निम्न रहेका छन्:

- नगरपालिका र यसका वडाहरुको कृषिजन्य हावापानीको आधारमा पकेट क्षेत्र निर्धारण
- कृषिजन्य क्षेत्रहरुको उत्पादन र वजारको वर्तमान अवस्थाको लेखाजोखा
- लगानी, सेवा, प्रविधि र भौतिक पूर्वाधारहरुमा पहुँचको लेखाजोखा
- विद्यमान बजारको पहुँच र सम्वन्धको नक्सांकन
    - ○ बजारको केन्द्रहरु, संकलन केन्द्रहरु, सहकारीहरु र व्यापारीको नक्सांकन, अवस्थाको प्रतिवेदन (व्यवस्थापन र कार्यसंचालन समेत) र सुधारका संभावनाहरु
    - ○ आन्तरिक र वाह्य ग्राहकहरु/बजारहरुको विद्यमान बजार प्रणाली र बजारको सम्वन्ध ○ अतिरिक्त मूल्य/खाद्यान्न प्रशोधन अभ्यासका अवसर र अभ्यासहरु

- तुलनात्मक फाईदाको विश्लेषण गर्ने र उपयुक्त कृषिजन्य उत्पादन हुने बस्तुहरुको प्राथमिकिरणउत्पादनको सम्भावना, बजारको अवसर र उत्पादकको क्षमतामा आधारित भएर)
- प्रक्षेपित उत्पादनको सम्भावनालाई हेरी उत्पादन हुने क्षेत्रको पहिचान गर्ने (किसानहरुको संख्या, क्षेत्र, उत्पादन) र अतिरिक्त मूल्यको अवसरहरु
- सम्भावित कृषिजन्य वस्तुहरुको लागत लाभ विश्लेषण (तुलनागत विश्लेषणबाट मूख्य प्राथमिकतामा परेका वस्तुहरुको)
- पहिचान गरेको क्षेत्रको अवसर र वाधाहरुको विश्लेषण (पूर्वाधार, बजारसंगको पहुँच, उत्पादन र प्रविधि, नीतिगत व्यवस्था, वित्तिय सहयोग, व्यापारिक विकासका सेवा, सेवा विस्तार)
- पहिचान भएका उपयुक्त बालीहरु उत्पादन बृद्धिका लागि अल्पकालिन र दीर्घकालिन सुझावहरु  कार्ययोजना तयार

२.३ अध्ययन विधि तथा प्रक्रिया यस अध्ययनका विधि तथा प्रक्रियाहरु सहभागितामूलक र सरोकारवालाहरु विशेषगरि अगुवा कृषकहरु, नीजी क्षेत्र, स्थानीय निर्वाचित पदाधिकारीहरुको प्रत्यक्ष संलग्नतामा गरिएको थियो । समग्र अध्ययन विधि र प्रक्रियालाई चित्र




चित्र ८: अध्ययन विधि र प्रक्रिया

२.३.१अध्ययनका सामान्य पद्दति यस अध्ययनकालागि प्रभावकारी र सहभागीतामूलकविधिको प्रयोग गरी प्राथमिक र द्वितीय स्रोतहरुबाट सूचना

संकलन र विश्लेषण गरिएको थियो । यस अन्तर्गत निम्न विधिहरु अवलम्वन गरिएको थियो: क) अध्ययन टोलीले विभिन्न संघ संस्थाहरुको द्वितीय सूचनाहरु जसमा जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय,

स्थानीय सरकारहरु, कृषि मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, सम्वन्धित परियोजनाका दस्तावेजहरु, सम्वन्धित नगरपालिकाको दस्तावेजहरुको समीक्षा गरेको थियो ।

ख) गोल परियोजना टोलीसंग मिलि विस्तृत रुपमा अध्ययन विधि तयार गरिएको थियो जसमा स्थलगत अध्ययनका लागि प्रयोग गरिने औजारहरु र चेकलिष्टहरु (लक्षित समूह छलफल, मूख्य सूचनादातासंगको अन्तरक्रिया–अन्तर्वार्ता, व्यक्तिगत अन्तर्वार्ता) सहितको मार्गदर्शन तयार गरिएको थियो ।

ग) अध्ययन टोलीले आधा दिने अध्ययन सम्वन्धि अभिमुखिकरण कार्यक्रम कार्यक्षेत्रमा नै संचालन गरेको थियो ।

घ) नगरपालिकाको प्रत्येक वडामा वडागत क्लष्टरमा परामर्श बैठक संचालन गरेको यस परामर्श बैठकमा त्यहाँको प्राथमिकता, बजेट, फिल्ड कार्यको व्यवस्थापन, सरकारी र गैरसरकारी तहबाट संचालन हुने/संचालन भईरहेका गतिविधिहरुको जानकारी आदानप्रदान गरिएको थियो ।

ङ) नगरपालिकामा रहेको क्षेत्रमा कृषि उपज उत्पादन स्थान छुट्टाउन स्थानीय सरोकारवालाहरुसंगको परामर्शमा शुरुवाती कार्यशाला संचालन गरिएको थियो ।

च) पहिचान गरिएका कृषि उत्पादन स्थलहरुमा वडाका प्रतिनिधिहरु, स्थानीय अगुवा, अगुवा कृषक, व्यापारीहरुका साथै सम्वन्धित अन्य सरोकारवालाहरुसंग लक्षित समूह छलफल संचालन गरिएको थियो ।

छ) लक्षित समूह छलफलको खाका अनुसूचीमा राखिएको छ र यसबाट निम्न सूचनाहरु संकलन भएको थियो:

- यस क्षेत्रको सामाजिक तथा आर्थिक विशेषताहरु
- कृषि उत्पादन पकेट क्षेत्रकोस्रोत नक्सा
- संभावित वस्तुहरु, विद्यमान उत्पादन अवस्था र बजारको सम्वन्धको सूची
- किसानहरुको लगानी सम्वन्धि प्रक्रिया र सेवामा पहुँच
- उत्पादित बस्तुहरुको विक्री स्थान र अवस्थाको जानकारी
- किसानहरुको ज्ञान र सीप
- नयाँ प्रविधिको प्रयोग र उत्पादनको उपलव्धता र बजारको पूर्वाधार
- उत्पादनको संभावना, बजारको अवसरहरु र किसानको ज्ञान, सीप र लगानी क्षमताको आधारमा बहुआधारमा तुलना
- प्राथमिकतामा परेका संभावित तीनवटा उत्पादन गर्दा आउने बाधाहरु र अवसरहरुको विश्लेषण ज) मूख्यगरी संकलन केन्द्रहरु, सहकारीहरु र खुद्रा वजारका प्रतिनिधिहरुसंग परामर्श (सम्भावित मूख्य बजार केन्द्रको आवश्यकतामा आधारित भएर परामर्श)

झ) लगानीकर्ता र सेवाप्रदायकहरुसंग परामर्श (कम्तिमा प्रत्येक वडामा एउटा)

ञ) तथ्यांक संप्लेषण र विश्लेषण

ट) ड्राफ्ट प्रतिवेदन तयारी र सुझावको लगि प्रेषण

ठ) परामर्श र बैधानिकताको लगि परामर्श सेवा संचालन

ड) अन्तिम प्रतिवेद तयारी र नगरपालिकामा पेश

२.३.२ तथ्यांक सकं लन विधि नगरपालिका र गोल परियोजनाका कर्मचारीहरुको सहयोगमा नगरपालिकाको वडा अध्यक्षहरु र अध्ययन टोलीका सदस्यहरुबाट यस अध्ययनका लागि आवश्यक सुचना संकलन गरिएको थियो । सम्वन्धित उत्पादन क्षेत्रका वडा अध्यक्षहरुको संलग्नतामा वडागत र क्लष्टरगत तथ्यांक संकलन गर्ने समय तालिका स्वर्गद्वारीी नगरपालिकामा गरिएको अभिमुखिकरण लगतै सहभागितामूलक प्रक्रियाबाट तयार गरिएको थियो । ड्राफ्ट प्रश्नावलीलाई वडागत र क्लष्टरगतरुपमा परिक्षण गर्दै फिल्डबाट प्राप्त पृष्ठपोषण र सिकाई अनुसार प्रश्नावलीलाई अन्तिम रुप दिईएको थियो । नगरपालिका तहमा सूचना संकलनको लागि विधिवत रुपमा लक्षित समूह छलफल गरिएको थियो । स्थानीय सरकार र गोल परियोजनाका कर्मचारीहरुको सहयोगमा जीपीएसबाट सम्वन्धित स्थानहरुकोजीपीएस केन्द्र संकलन गरिएको थियो ।

२.३.३ विश्लेषण खाका र तालिकावद्ध गर्ने कार्य

यस अध्ययनको मुख्य उद्देश्य भनेको नै कृषिजन्य उत्पादन व्यवसायिकरणको लागि "उत्पादन(पकेट) क्षेत्र" पहिचान गर्दै उत्पादन एवं विक्री वितरणका कार्यमा आईपर्ने अवरोध र वाधाहरु के के रहेको छ त्यको खोजी गर्नु नै हो । विद्यमान उत्पादन र संभावित उत्पादनबीच तुलना गर्दै संभावित उत्पादन गर्दा आउनसक्ने चुनौतिहरुमा सचेत हुनुपर्ने विषयलाई पनि विश्लेषण गरियको छ । प्राप्त भएका तथ्यांकहरुलाई एक्सेल सिटमा तालिकावद्ध गरिएको छ ।

तथ्यांक विश्लेषण विशेषत: तरकारी उत्पादनमा केन्द्रीत भएको र उत्पादन गर्दा आउने वाधाहरु र मूल्यश्रृंखला सहितको बजारीकरण साथै आएका वाधाहरु समाधानका उपायहरु खोजिएको छ । अध्ययन टोलीले प्रत्येक क्लष्टरगत संभावित उत्पादनको औषत निकालेको छ । यसैगरी उत्पादित बालिनालीहरुलाई प्राथकिीरणको बहुआधारहरु जस्तै बजारसम्म पुऱ्याउने सडकको पहुँच, बजारको माग, बजार प्रवर्द्धनका लागि पूर्वाधार संकलन केन्द्र, स्थानीय व्यापारी), उत्पादनको संभावना, उत्पादन र बजारीकरणको लागि व्यवसायिक सीप, सिंचाई सुविधा, दाना व्यवस्थापन, प्राविधिक सेवा प्रदान गर्ने निकाय (सरकारी, नीजि, गैरसरकारी), महिला/युवालाई लैंगिक तथा सामाजिक समावेशीकरण गर्ने व्यवहार, मर्यादा जस्ता विशेषता समेटिएको थियो । प्राथमिकीकरणका लागि दिईएको सुझावलाई उत्पादकत्व, उत्पादनको संभाव्यता, क्षेत्र र किसानको संलग्नता आदिमा आधारित भई प्रमाणित गरिएको छ । कहिलेकाँही कुनै एक वाधाले अन्य क्षेत्रलाई समेत असर गरिरहने र यसको समाधानले अन्य क्षेत्रलाई सहयोग पुग्ने खालको रहेको र क्लष्टर वा वडागत समस्याहरु अन्य क्षेत्रमा पनि रहेकोले यसलाई एक चुनौतिको रुपमा लिईयो । अवसरहरु/सुझावहरुमा र कार्ययोजनालाई समेत यसैगरी विश्लेषण गरिएको छ ।

२.३.४ प्रतिवेदन लेखन

यस अध्ययनको ड्राफ्ट प्रतिवेदनलाई अन्तिम रुप दिनका लागि सकारात्मक पृष्ठपोषण र सुझाव प्राप्त गर्न नगरपालिका, रुपान्तरण र आड्रा नेपाललाई उपलव्ध गराईयो । आएका पृष्ठपोषणहरु समेटी प्रतिवेदनलाई एकआपसमा बारम्वार आदानप्रदान गर्दै र रुपान्तरण र आड्राका विज्ञहरुको सुझावलाई क्रमिक रुपमा लिदै परामर्शदाताले अध्ययन प्रतिवेदनलाई अन्तिम रुप दिने काम भएको छ ।

२.३.४नगरपालिका तहमा निष्कषर्ह रु प्रस्ततू ी मूख्य परामर्शदाताले अध्ययनबाट आएका निष्कर्षहरु र सुझावहरु नगरपालिकाका जनप्रतिनिधि, संचार गृह, स्थानीय सरकारका विषयगत शाखाका प्रमुख र नीजि क्षेत्रका प्रतिनिधीहरुलाई जानकारी गराईयो । यस कार्यले अध्ययनबाट प्राप्त निष्कर्षका लागि उपयुक्त सुझाव तथा

पृष्ठपोषणहरु प्राप्त हुनुका साथै नगरपालिकालाई यस अध्ययनप्रति अपनत्व महसुस गराउने अवसर समेत प्रदान गऱ्यो । साथै अध्ययनका निर्कष र सुझावहरुलाई स्थानीय विकास योजनाहरुमा समाहित गरि कार्यान्वयन गर्ने प्रतिवद्धता समेत यस नगरपालिकाले गरेको छ ।

### २.३.५ अन्तिम प्रतिवेदन तयारी

अध्ययनको निष्कर्ष प्रस्तुति पछि परामर्शदाता टोली र गोल परियोजनाका कर्मचारीहरुले यस अध्ययनको अन्तिम प्रतिवेदन तयार गऱ्यो । तयारी प्रतिवेदनलाई सम्वन्धित नगरपालिकाका जिम्मेवार व्यक्तिहरुलाई उपलब्ध गराईयो ।

## २.४अध्ययनका सिमाहरु

अध्ययनका लागि आवश्यक कृषिसम्वन्धी उपयुक्त तथ्यांकहरु प्राप्त गर्न कठिन भएकाले सो समस्या यस अध्ययनको क्रममा पनि भोग्नुपऱ्यो । पहाडी क्षेत्रको भौगोलिक अवस्थाले गर्दा प्रति हेक्टर उत्पादन र संभावित उत्पादनलाई मापन गर्न ठूलो कठिनाई भयो । यसलाई यातायात र व्यवस्थापकीय पक्षका साथै किसानहरुको समूहको संस्थागत पहलले समेत असर पार्दछ । अध्ययनको निर्दिष्ट सीमाहरु निम्न रहेका छन्: क) लक्षित समूह छलफलको क्रममा उत्तरदाताहरुले वार्षिक उत्पादन, उत्पादकत्व र विक्री सम्वन्धी प्रश्नहरुको यथार्थ विवरण दिन नसक्दा अनुमानित सुचनालाई अध्ययनको आधार बनाउनु परेको छ जसले गर्दा यस प्रतिवेदनमा उल्लेख भएका सम्पुर्ण तथ्यांकहरु र सुचनाहरु पुर्णरुपमा यथार्थ नहुनसक्नु अध्ययनको सिमा रहेको छ ।

ख) नगरपालिकाका पदाधिकारीका साथै वडा अध्यक्षहरु अन्य काममा व्यस्त भएकोले वस्ति स्तरका सवै समूह छलफलहरुमा पर्याप्त समय दिन सम्भव नहुँदा र उनीहरुवाट गुणात्मक अनुभव र धारणाहरुलाई प्रतिवेदनमा संलग्न गरिएकाछन् ।

ग) यस अध्ययन गर्दा तथ्यांकहरु एकआपसमा बाझिने समेत भयो जस्तै पहिलो प्राथमिकतामा राखेको पकेट क्षेत्रलाई पछि विश्लेषण गर्दै जाँदा आम्दानीको स्रोत साथै उत्पादन क्षेत्र र कृषकको व्यवसायिक संलग्नताको आधारमा अन्तिममा राखियो ।

घ) अध्ययनको दौरानमा क्लस्टरका सवै सहभागीलाई उपस्थित गराउने सदर्भमा जुन क्षेत्रका कृषकहरुको सहभागीता बढी देखियो सोही क्षेत्रलाई पहिलो प्राथमिकतामा अंक प्रदान गर्ने प्रवल सम्भावना देखिएकोले अन्य क्षेत्रको सुचना यथार्थपरक प्रस्तुत गर्न नसकिनु पनि यस अध्ययनको सिमा रहेको छ ।

३.५ अध्ययनको औचित्य नेपालको संघीय प्रणाली अनुसार ७७ जिल्लाहरुमा ७५३ वटा स्थानीय तहहरु रहेका छन् । यी स्थानीय तहहरु आफैमा स्वशासित छ । वर्तमान अवस्थामा यि स्वायत्त तहहरुमा प्राविधिक क्षेत्रका जस्तै कृषि, पशु, वन जस्ता क्षेत्रहरुको योजना तर्जुमा र कार्यान्वयन गर्न दक्ष जनशक्तिको अपर्याप्तता रहेको छ । प्युठान जिल्लामा रहेका ९ अन्य पालिकाहरुमा जस्तै यस स्वर्गद्वारी नगरपालिकाले पनि यो समस्या भोग्नु परेको छ । यस अवस्थामा गोल परियोजनाले यस जिल्लामा विगत ५ वर्षदेखि स्थानीय तहसंगको सहकार्यमा कार्यक्रम संचालन गर्दै आएकोमा यसै अन्तर्गत विभिन्न वडाहरु पर्यावरण सुहाउँदो र उपलव्ध सेवा तथा स्रोतहरुको आधारमा व्यवसायिक कृषि तथा पशुपक्षिका पकेट क्षेत्र पहिचान गर्न यो अध्ययन गरिएको हो । यस अध्ययन दस्तावेजले पर्यावरण सुहाउँदो तरकारी, पशुपालन, अन्न र अन्य उत्पादनको व्यवसायिक र उत्पादकता वृद्धि गर्न सहयोग पुऱ्याउने छ । यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा परियोजना कार्यान्वयन गर्दा स्थान सुहाउँदो उत्पादन र उत्पादकत्व बृद्धि भई आई पर्ने चुनौतिहरु समाधान गर्न र वजार व्यवस्थापन गर्न सहयोग सिद्ध हुने अपेक्षा राख्दछ । साथै यो दस्तावेज स्वर्गद्वारी नगरपालिकाले आगामी योजना तर्जुमा प्रक्रियामा सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न सकिने साथै स्रोत खोजीको लागि मौलिक पथप्रदर्शक दस्तावेज हुनेछ ।

## ४. अध्ययनको निष्कर्षहरु

अध्ययन टोलीले उपयुक्त व्यवसाहिक कृषि तथा पशुपालन पकेट क्षेत्रहरु (स्थानहरु) छनोट गर्न बहुसूचकांक मापदण्डको विधि प्रयोग गर्दै धेरै सम्भावना भएको कृषि तथा पशुपक्षि उत्पादनका लागि तुलनात्मक फाईदा विश्लेषण गरिएको थियो ।

### ४.१कृषि तथा पशूपंक्षि पकेट क्षत्रे को पहिचान

तोकिएको स्थानहरुमा धेरै सम्भावना बोकेको उत्पादन हुने वस्तुहरुको तुलनात्मक विश्लेषणका लागि बहुसूचकांक मापदण्ड प्रयोग गरिएको थियो । पकेट क्षेत्र छनोटका लागि ९ वटा मापदण्डहरु निर्धारण गरिएको र यी मापदण्डहरुलाई अध्ययनको नगरपालिका स्तरीय प्रारम्भिक कार्यशाला छलफलमा जानकारी गराई सहमति लिईएको थियो । निर्धारित मापदण्डहरु निम्न रहेका छन्: क) बजारको लागि

सडकको पहुँच (सडक सञ्जालको अवस्था) ख) बजारको माग (स्थानीय स्तरमा भैरहेको

उत्पादन बिक्रीको हालको बजारको अवस्था) ग) बजार प्रवर्द्धनका लागि पूर्वाधार (

संकलन केन्द्र, स्थानीय व्यापारी)

घ) उत्पादनको सम्भावना

ङ) उत्पादन र बजारीकरणको व्यवसायिक सीप च)

सिंचाईको उपलव्धता

छ) दानाको व्यवस्था (पशुपालन क्षेत्रकोलागी) ज) प्राविधिक सेवा प्रदायक निकायहरु

(सरकारी, नीजि, गैरसरकारी) झ) महिला, युवाहरुलाई लैंगिक तथा सामाजिक

समावेशीकरण गर्ने व्यवहार, मर्यादा

बहु–सूचकांकमापदण्डको प्रयोगबाट आएको परिणामलाई हाल व्यवसायिक कृषकहरुको संख्या,उक्त ठाउँमा रहेका संभावित कृषकहरु साथै भविष्यमा कृषि उत्पादनलाई विस्तार गर्न सकिने जग्गाको सम्भाव्यताको आधारमा प्रमाणित गरियो । यसका साथै हावापानीको अवस्था जस्तै परिमिती, जग्गाको सतही अवस्था, तापक्रम, बर्षा आदिलाई समेत जीआइएसवाट लिइएको तथ्यांकको माध्यमबाट विश्लेषण गरिएको थियो । माथि उल्लेखित बहुसुचकांक मापदण्डको आधारमा विभिन्न कृषिजन्य बस्तुहरुको व्यवसायिक पकेटहरुको चित्रण गरिएको छ । प्रारम्भिक विश्लेषणबाट यस नगरपालिकामा २७ वटा पकेट क्षेत्रहरु पहिचान भएका छन् । यी मध्ये ११ वटा पशुपालनका लागि, ८ वटा तरकारी, ३/३ अन्नवाली र गैर काष्ट वन पैदावार व्यवसायिक खेती विस्तारको लागि उपयुक्त पकेट क्षेत्रहरु पहिचान भएका छन् । नगरपालिकाको क्षेत्रगत रुपमा व्यवसायिक पकेट क्षेत्रको पहिचान तालिका १ मा पनि प्रस्तुत गरिएको छ:




चित्र ९ पहिचान भएका व्यवसायिक पकेट क्षेत्रको नक्सा

यसरी नै नगरपालिकाका विभिन्न वडावस्तीहरु सहित प्राथमिकतामा पहिचान भएको क्षेत्रहरुको विवरण तालिका १मा प्रस्तुत गरिएका छन् । तालिका १ नगरपालिकाको क्षत्रे गत रुपमा व्यवसायिक स्थानहरुको प्राथमिकीकरण विवरण

| वडा नं | क्लस्टर | पहिलो प्राथमिकता | दोस्रो प्राथमिकता | तेस्रो प्राथमिकता |
|---|---|---|---|---|
| | भञ्ज्याङ | पशुपालन र गैर काष्ठ वन पैदावार (टिमुर) | फलफुल | तरकारी |
| | कोचिवाङ, कुसुण्डे | पशुपालन (बाखा, बंगुर) | गैर काष्ठ वन पैदावार | तरकारी |
| 1 | बाह्रविसे, सल्लावेशी | तरकारी /पशुपालन | अन्नवाली | गैर काष्ठ वन पैदावार |
| | नोस, वाजम | गैर काष्ठ वन पैदावार टिमुर) | पशुपालन | तरकारी |
| 2 | धनवाङ, हाम्जा | तरकारी | फलफुल | गैर काष्ठ वन पैदावार पशुपालन |

| वडा नं | क्लस्टर | पहिलो प्राथमिकता | दोस्रो प्राथमिकता | तेस्रो प्राथमिकता |
|---|---|---|---|---|
| | लिब्जा, जोगीमारा | पशुपालन (बाखा) | गैर काष्ठ वन पैदावार | तरकारी |
| | नेवारे, डाँडाखर्क | तरकारी | पशुपालन | गैर काष्ठ वन पैदावार |
| 3 | सोड, सयमुरी, किमिचौर | तरकारी | पशुपालन | फलफुल |
| | बाझिपुर, गोठीवाङ | तरकारी | पशुपालन | फलफुल |
| 4 | भिंगृकोट | पशुपालन (बाखा) | तरकारी | फलफुल |
| | डाफेधारा, डाँडागाउँ | पशुपालन (बाखा) | तरकारी | गैर काष्ठ वन पैदावार |
| | तल्लो र उपल्लो सारी | पशुपालन (बाखा, गाई, भैसी) र तरकारी | फलफुल | गैर काष्ठ वन पैदावार |
| 5 | गायखर्क, सानीलेख | गैर काष्ठ वन पैदावार टिमुर) | तरकारी | पशुपालन |
| | धनचौर | पशुपालन (बाखा) | तरकारी | गैर काष्ठ वन पैदावार |
| | तिमिले देउराली | पशुपालन (बाखा) | गैर काष्ठ वन पैदावार | तरकारी |
| | सालावाङ थापाखर्क | पशुपालन (बाखा) | गैर काष्ठ वन पैदावार | तरकारी |
| ६ | बेलवास केप | पशुपालन (बाखा) | गैर काष्ठ वन पैदावार | तरकारी |
| ७ | सातविसे, रानीटार | तरकारी | अन्नवाली | पशुपालन |

| | | | | |
|---|---|---|---|---|
| | तापकोट, केप | पशुपालन (बाख्रा) | तरकारी | गैर काष्ठ वन पैदावार |
| ८ | पिपलपोखरी, धनचौर | तरकारी | पशुपालन | अन्नबाली |

| वडा नं | क्लस्टर | पहिलो प्राथमिकता | दोस्रो प्राथमिकता | तेस्रो प्राथमिकता |
|---|---|---|---|---|
| | खैरेनी, वर्जिवाङ | तरकारी | अन्नवाली | गैर काष्ठ वन पैदावार |
| ९ | सिम्ले, जुकेना | पशुपालन (बाखा) | पशुपालन | तरकारी |
| | जुडापाटा, लामाचौर | तरकारी | पशुपालन | गैर काष्ठ वन पैदावार |
| | कालिपोखरी, डाँडागाउँ | गैर काष्ठ वन पैदावार (टिमुर) | पशुपालन | तरकारी र फलफुल |

स्रोतः १ देखी ९ वटै वडास्तरमा,२७ वटा वस्ति र न.पा. स्तरीय छलफल, २०७५

## ५. मुख्य कृषि तथा पशूपंक्षि व्यवसाहिक पकेट क्षेत्रको पहिचान

### ५.१तरकारी खेती

कृषिजन्य कूल गार्हस्थ उत्पादनमा तरकारीले एक महत्वपूर्ण योगदान दिन्छ । सन् २०१५/१६ को तथ्यांकलाई हेर्दा तरकारी उत्पादन क्षेत्र, उत्पादन र उत्पादकत्व २८०,८०७ हेक्टर, ३,९२९,०३४ मेट्रिक टन र १३.९९२ मेट्रिक टन प्रति हेक्टर रहेको छ (के.त.वि./कृषि तथ्यांक किताव २०१६) र सन् २०१६/१७ मा २७७,३९३ हेक्टर, ३,७४९,८०२ मेट्रिक टन र १३.५१८ मेट्रिक टन प्रति हेक्टर रहेको छ (के.त.वि./कृषि तथ्यांक किताव २०१६/१७) । यस तथ्यांकले उत्पादन क्षेत्र, उत्पादन र उत्पादकत्व केही मात्रामा घटेको देखाउँछ । विकसित देशहरुको उत्पादकत्व ३० मेट्रिक टन प्रति हेक्टर रहेको छ जसको तुलनामा हाम्रो देशको उत्पादकत्व निकै कम रहेको छ । नेपालमा तरकारीको उत्पादकत्वमा सुधार ल्याउनका लागि प्रयाप्त ठाउँ रहेको छ। यसको एक सामान्य कारणमा वढी उत्पादन गर्ने वा सुधारिएको विउँ र खासगरी हाइव्रिड विउँको आपूर्ति नहुनु नै हो ।

यस वाहेक खण्डीकृत जग्गाको भोगचलन, जीविकामा आधारित कृषि प्रणाली, सुधारिएको प्रविधि/व्यवस्थापनको प्रयोगमा कमी, कृषि कार्यमा औजारको कम प्रयोग, सरकारी सेवा विस्तारमा कमी हुनु नै न्यून तरकारी उत्पादन हुनुका कारणहरु हुन्। यसकारणले प्रत्येक वर्ष हामीले छिमेकी देशहरुबाट ठूलो मात्रामा तरकारी आपूर्ति गर्नुपरेको छ। भन्सार विभागको तथ्यांक अनुसार यस आर्थिक वर्ष २०१८/१९ को पहिलो आधा अवधिमा १४.७७ अर्व मूल्य वरावरको तरकारी आयात गरिएको छ भने आर्थिक वर्ष २०१७/१८ को यसै अवधिमा ११.३६ अर्व मूल्य वरावरको तरकारी आयात गरिएको थियो (हिमालय टाइम्स, मार्च २३, २०१९) ।

मूख्य तरकारीहरुको उत्पादकत्व हेर्दा आलु ११७७ कि.ग्रा प्रति रोपनी, गोलभेडा १५०९ कि.ग्रा प्रति रोपनी, काउली ११६१ कि.ग्रा प्रति रोपनी, बन्दा १३१४ कि.ग्रा प्रति रोपनी, प्याज ५०० कि.ग्रा प्रति रोपनी र काक्रा फर्सी (cucurbits) १०२८ कि.ग्रा प्रति रोपनी रहेको छ। विद्यमान कृषकहरुको संलग्नता र व्यवसायिक कृषि गरिरहेको र सम्भावित क्षेत्रको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

ट क्षत्रे

तालिका २ वडागत परम्परागत र व्यवसायिक कृषिमा संलग्न कृषकहरु क्षेत्रगत विवरण

| वडा नं. | संलग्न कृषकहरुको संख्या | | खेती गरिएको क्षेत्र रोपनीमा | |
|---|---|---|---|---|
| | विद्यमान | व्यवसायिक रुपमा | विद्यमान | विस्तार गर्न सकिने |
| १ | ३७० | ३७ | १७० | १३०५ |
| २ | ९२५ | १७० | ३०० | १२०० |
| ३ | १३८ | १० | ७३० | १५७० |
| ४ | ९६५ | ५५ | २९० | १०६० |
| ५ | ९५० | ३० | २४० | १८०० |
| ६ | ३९० | ५५ | ९० | ५५० |
| ७ | ७३० | ६१ | २२० | १८०० |
| ८ | ५१० | ५७ | १३० | ११०० |
| ९ | ४८० | २४ | १२० | ९५० |
| जम्मा | ५४५८ | ४९९ | २,२९० | ११३,३५ |

स्रोत १ देखी ९ वटै वडास्तरमा, २७ वटा वस्ति र न.पा. स्तरीय छलफल, २०७५ माथिको तालिकाले ९ प्रतिशत कृषकहरुले मात्र व्यवसायिक रुपमा तरकारी उत्पादन गरिरहेको देखाउँछ भने यसको विस्तार गर्नुपर्ने देखिन्छ । साथै यस नगरपालिकामा रहेको सम्भावित ११,३३५ रोपनी जग्गा मध्ये २० प्रतिशत जग्गामा मात्र तरकारी लगाई रहेको छ जसले नगरपालिकालाई तरकारी उत्पादनकालागि क्षेत्र विस्तार गर्न ठूलो अवसर रहेको देखिन्छ ।

५.१.१ तरकारी खेतीकालागि अवसरहरु

- यस नगरपालिकाको ९ वटै वडाका केहि वस्तिमा तरकारी खेतिकालागी उपयुक्त भौगोलिक परिवेश र उचित हावापानी भएकोले मौसम अनुरुप विविध उच्च मूल्यका तरकारी वालीहरु उत्पादनको सम्भावना रहेको छ साथै प्रविधिको प्रयोगले मौसमी तथा बेमौसमी तरकारी उत्पादनको सम्भावना रहेको छ । □ उचाईको हिसावले १५०० मी सम्ममा हुने तरकारीहरु उत्पादनको सम्भावना रहेको ।
- नगरपालिकाका ग्रामीण वस्तीहरुमा सडक सञ्जालहरु क्रमशः विस्तार हुँदै गएको हुँदा गाउँको उत्पादनलाई बजारसम्म पहुँच पर्‍याई सहज विक्रीको वातावरण बृद्धि गर्न निकै सहज हुँदै गएको छ ।
- स्थानीय र जिल्ला भित्रका वजारहरु (भिंगृ, विजुवार, बड्डाँडा) र जिल्ला वाहिरका वजारहरु (रोल्पाको सुलिचौर, दाङको लमही, घोराही, तुल्सीपुरमा कृषि उपजको वजारीकरण गर्ने सम्भावना रहेको ।

- स्थानीय सरकारवाट कृषि, पशुपालन तथा अन्य व्यवसाय प्रवर्धनकोलागी अनुदान नीति तथा कार्यक्रमहरु तर्जुमा र वजेट विनियोजन र कार्यक्रम कार्यान्वयन भैरहेको हुँदा तरकारी खेतिमा कृषकहरु आकर्षित भैरकेका छन् भने नगरपालिकाले यस कार्यलाई निरन्तरता प्रदान गर्ने हुँदा भविश्यमा बढि भन्दा बढी कृषक लाभान्वित हुने र उत्पादन बृद्धि हुने सम्भावना रहेको छ ।

- नगरपालिकामा कृषि, पशुविकास, महिला विकास शाखा तथा ईलाका वन कार्यालय र विभिन्न विकास साझेदार निकायवाट सक्रिय र संगठित दीगो कृषक समूहहरु गठन, तालिम प्रदान, प्रविधि र सीप क्षमता बृद्धिका कार्यक्रम गरिएको सन्दर्भमा कृषहकरु सचेतिकरण भएका छन् । ज्ञान सीप र प्रविधिको प्रयाग गरी उत्पादन बृद्धिमा यि समुहको महत्वपुर्ण योगदान रहने निश्चितप्राय देखिन्छ ।

### ५.१.२ मुख्य समस्या र चूनौतिहरु

तरकारी उत्पादनको क्षेत्रमा रहेको मूख्य चुनौतिहरु निम्न रहेका छन्:

क) विभिन्न खोला तथा नदीहरु भएता पनि अधिकाँस कृषि भूमिहरुका प्रयाप्त सिंचाई सुविधाहरुको पहुँच पुगेको छैन् ।

ख) उत्पादन साधनहरुरु (विउँ, मल, विषदी)हरुको उपलव्धता र कृषककोलागि आवश्यक पर्ने प्राविधिक सेवामा पहुँचको कमी रहेको छ । यी सेवाहरु प्रदान गर्ने नीजी क्षेत्रका सेवा प्रदायकहरु सिमित वजारहरुमा मात्र उपलव्ध भएको। यसरी नै कृषि कार्यका लागि आवश्यक मेसिन र सामग्रीहरुको पहुँचमा कमी

ग) कृषकहरुमा आधुनिक मेसिन तथा प्रविधिहरु (टनेल, थोपा सिचाँई) प्रयोग गर्ने सीप र ज्ञानको कमी रहेको छ भने अर्को तर्फ तरकारीहरुमा लाग्ने रोग/किराहरुको व्यवस्थापन गर्ने ज्ञान तथा सीपमा कमी रहेको छ ।

घ) वजारमा तरकारीहरुको माग अनुसार आपूर्ती नियमित नहुनु र प्रयाप्त उत्पादन भएको समयको समयमा पनि वजार सूचनाको पहूँच नहुदाँ जिल्लाका अन्य वजार र छिमेकी जिल्लाहरु तरकारीको वजारीकरण गर्न नसकेको ।

ङ) निश्चित साना क्षेत्रफलमा तरकारी उत्पादन गर्ने र परम्परागत नै कृषि प्रणाली प्रयोग भएको हुँदा उत्पादन लागत उच्च भएकोले अन्य जिल्लावाट निकासी हुने वस्तुहरुसंग प्रतिस्पर्दा गर्न नसक्नु ।

च) नगरपालिकाले माटो परिक्षण गर्ने कार्यलाई अगाडी बढाएतापनि सवै कृषकले सो सेवा लिई नसकेको छ) व्यवसायिक कृषि उत्पादनमा प्रतिवद्धता/चेतनाको कमीले गर्दा तरकारीको परल मूल्य निर्धारण गर्न नसक्नु ।

ज) कृषि प्राविधिक ज्ञानको कमी (उत्पादन लागत विश्लेषण गर्ने सीप र ज्ञानको अभाव, किटनासक औषधीहरुको प्रयोग सम्वन्धि प्रयाप्त ज्ञान नहुनु र यसको प्रयोगले मानव स्वास्थ्य र वातावरणमा जोखिम

भिंगृको तल्लो र समतल क्षेत्र जुन तरकारी खेतिकोलागी उपुक्त रहेको छ त्यकहाँ सिंचाईको अभाव मूख्य चुनौति रहेको पाईएको छ । अतः कृषकहरुले बाध्य भएर मकै, गहुँ, सिमी जस्ता बालीनालीहरु आकाशे पानीको भरमा गर्दै आएका छन् । अध्ययन टोलीले आकासे पानीमा भर परि गरिरहेको बालीनालीलाईमाडी खोलावाट लिफ्टबाट सिंचाई गर्न सकिने क्षेत्रको अवलोकन र लेखाजोखा गरेको थियो । त्यसैगरी कृषकहरुले आधुनिक प्रक्रियाबाट कृषि गर्ने प्रविधिहरु, गुणस्तरीय विउँ विजन र औजारहरुको अभावको सामना गर्नुपरिरहेको छ। अर्को पक्षमा नाफामूलक कृषि व्यवसायका लागि वित्तिय सहयोगको अभाव वा व्यवसायिक सीप सम्वन्धि ज्ञानको अभाव भोग्नुपरिरहेको छ । यसका साथै बालीनाली नष्ट गर्ने जैगली जनावर र अन्य जन्तुहरुले फलफूल र विरुवाहरु समेत नष्ट गरिरहेको छ । न्यून मात्रामा माटो जाँच गर्ने र माटोको सुधारका लागि कमै

काम भएकोले अत्यधिक उत्पादन हुने सम्भावित बालिनाली लगाउने विषयमा सवै किसानले बुझ्न सकेका छैनन् ।

## ५.१.३ मुख्य सूझाव र सिफारीसहरु

तरकारी वालीलाई व्यवसाहिक वनाउनका लागि तपसिलका सुझावहरु पहिचान एवं सिफारीस गरिएका छन् क) व्यवसायिक तरकारी खतीका लागि आवश्यक पर्ने उपयुक्त सिंचाईको व्यवस्था र पानी जम्मा गर्ने योजना संचालन ।

ख) गुणस्तरीय विउँमा पहुँच, मलखाद, विषादी र साना औजारहरुको आपूर्तिका लागि नीजि क्षेत्रहरुको विकास तथा विस्तार जस्तै एग्रोभेटहरुको विस्तार

ग) कृषकहरुलाई बाली उत्पादन, रोग किरा नियन्त्रण आईपीएम, बाली काटेपछिको व्यवस्थापनको सम्वन्धमा क्षमता अभिवृद्धिका विभिन्न तालिम, गोष्ठी भ्रमण तथा सिकाई आदान प्रदान कार्यक्रमहरुको संचालन तथा प्लान्ट किल्नीक जस्ता कार्यक्रम संचालन

घ) सरल र सहज माटो परिक्षण सेवाहरु र माटो गुणस्तर सुधार सम्वन्धि विधिहरुमा तालिम तथा सहयोग

ङ) हावापानी संवेदशील र खडेरी सहनशील बालीनालीको प्रयोग

च) कृषिजन्य उद्यम प्रवर्द्धनका लागि व्यवसायिक सीप तथा वजारीकरणका लागि सहयोग

## ५.२ पशुपालन

यस क्षेत्रमा मूख्य पशुजन्य उत्पादनमा बाखा, गाई र केही मात्रामा भैंसी र बंगुर रहेका छन् । अधिकाशं घरमा केही बाखाहरु रहेको वा खोरमा अन्य जनावरहरु समेत संगै रहेको पाईयो । भैंसीको दुधको उत्पादन न्यून रहेको जसमा २-४ लिटर प्रति दिन उत्पादन मात्र हुने गरेको र यस्तो हुनुमा निम्न व्यवस्थापन अभ्यास, आहारा र स्थानीय बंशको प्रयोग हो । साथै बाखाको वृद्धि पनि एकदमै कम भएको र यस्तो हुनुमा सन्तुलित आहारको अपर्याप्तता, उचित व्यवस्थापनको कमी रहेको छ ।

यस नगरपालिकाको पशुपालनको समग्र अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । तालिका ३नगरपालिकामा विद्यमान र सम्भावित पशूपालन गरिरहेका कृषकहरु र ओगटेको क्षेत्रफलको विवरण

| वडा नं. | पशुपालनमा संलग्न कृषकहरु संख्या | | पशुपालन क्षेत्र (रोपनीमा) | |
|---|---|---|---|---|
| | हालको | व्यवसायिकसम्भाव्य | हालको | सम्भाव्य |
| १ | ४७५ | ३४० | ७५ | ५३० |
| २ | १०३५ | ९७० | ७५० | १८०० |
| ३ | १५३ | ९५ | ११५ | ३४० |
| ४ | ९४० | ७५० | ११ | १०० |
| ५ | ९२० | ३७० | १३० | ४०० |

| वडा नं. | पशुपालनमा संलग्न कृषकहरु संख्या | | पशुपालन क्षेत्र (रोपनीमा) | |
|---|---|---|---|---|
| | हालको | व्यवसायिकसम्भाव्य | हालको | सम्भाव्य |
| ६ | ४८० | ३८० | ५० | ६७० |
| ७ | ७६० | ५०० | ९० | ३०० |
| ८ | ५९० | ३५० | १० | २०० |
| ९ | ६५० | ३०० | ४५ | ८०० |
| जम्मा | ६००३ | ४०५५ | १२७६ | ५१४० |

स्रोतः वस्ति तथा वडा स्तरमा गरिएको छलफल, २०७५ माथी प्रस्तुत तालिका ३ मा पशुपालनमा संलग्न ६००३ कृषकहरुमध्ये ४०५५कृषकहरुले मात्र व्यवसायिक रुपमा पशुपालन गर्दै आएका छन् जुन ६७.५४ प्रतिशत हो भने पशुपालनका लागि ५१४० रोपनी जग्गा योग्य भएकोमा हाल १२७६ रोपनीमात्र ओगटेको छ जुन २४.८२ प्रतिशत मात्र हो ।

५.२.१ अवसरहरु

क) अध्ययनको दौरानमा यस क्षेत्रका प्राय सवै वडामा कुनै पनि प्रयोजनकोलागी प्रयोग नभएको जग्गा पर्याप्त मात्रामा रहेको पाइयो जहाँ उन्नत जातको घाँसको व्यवस्थापन गर्न सकिने सम्भावना रहेको छ ।

ख) स्थानीय सरकारले पशुपालन प्रवर्धनकोलागी अनुदानको व्यवस्था शुरु गरेको छ । पशुपालन व्यवसायलाई व्यवसायिकरण गर्ने र उत्पादनमा बृद्धि गरी बजार प्रवर्धन गर्ने सम्भावना निकै बढेको छ । साथै स्थानीय सरकारले पशुपालनसंग सम्वन्धित अन्य सेवा प्रवाह समेत कृषकको घरमै उपलव्ध गराइरहेको सन्दर्भ र पशुपालनलाई नगरपालिकाले रोजगारी सिर्जना गर्ने क्षेत्रको रुपमा लिएको हुँदा सम्भाव्य क्षेत्र रहेको छ ।

ग) पशुपालनमा विशेषगरी बाख्रा पालनकालागी उन्नत जातको बोयर, जमुनापारी बाख्राको वीउ बोका उपलव्धता तथा प्रवर्धन भैरहेको र यि नश्लका बाख्रापालन वाट छोटो समयमा राम्रो कमाई हुने हुँदा कृषक आकर्षित रहेका छन् ।

घ) नेपाल सरकारवाट र स्थानीय सरकारको प्राथमिकतामा समेत पशु विमाको माध्यमवाट सम्भावित क्षति कम गर्न ७५ प्रतिशत सम्म अनुदानको व्यवस्था गर्ने र सो कार्यकालागी जनचेतना जगाउने, कृषकको घरमा पुगी जानकारी प्रदान गर्ने कार्य समेत भैरहेको हुँदा यसले कृषकलाई झनै बाख्रापालनमा आकर्षित गर्ने सम्भावना रहेको छ ।

ङ) पशु शिविर सञ्चालन गरी कृषकलाई स्थानीय स्तरमै सेवा प्रदान गर्ने अभ्यास नगरपालिकाले शुरु गरिसकेको सन्दर्भमा यस कार्यले सेवा प्रवाहलाई चुस्त गर्न सहयोग गरेको छ ।

च) स्थानीय सरकारले पशु प्राविधिक जनशक्तिको व्यवस्थापन गरेको र आवश्यकता अनुरुप एक गाउँ एक प्राविधिकको अवधारणा पनि अघि सारेको सन्दर्भमा पशुपालक कृषककोलागी सेवा प्रवाहमा प्रभावकारिता हुने हुँदा उत्पादन बृद्धि गर्न सहज वातावरण ।

ट क्षेत्रे

छ) उत्पादित बाख्रा बिक्री गर्न बजारको उच्च सम्भावना, सहकारी संस्थावाट विक्री व्यवस्थापन भैरहेको । विभिन्न विकास साझेदार संस्था तथा कार्यक्रहरुले समेत बाख्रा पालन तथा बजारीकरणकोलागी पर्याप्त सहयोग र नगरपालिकासंग साझेदारी गरिरहेको हुँदा बजार व्यवस्थापन गर्न सहज वातावरण भएको ।

ज) दुग्ध जन्य पदार्थको बढ्दो बजार माग र केहि कृषकहरु व्यवसायिक दुग्ध उत्पादनमा अग्रसर भएको सन्दर्भमा गाई तथा भैसी व्यवसायिक पालन गर्दा उत्पादित दुधको विक्रीको धेरै समस्या नरहेको ।

### ५.२.२ मुख्य चूनौतिहरु

क) धेरै कृषकहरुले व्यवसायिक बाखापालन गरिरहेका र केहीले मात्रै व्यवसायिक भैंसी तथा गाई पालन गरिरहेको सन्दर्भमा अझैपनी घाँसजन्य रुखहरु/आहार व्यवस्थापन हुन सकेको छैन । क्लस्टर अनुसार उपयुक्त क्षेत्रमा घाँसको नर्सरी स्थापना गर्ने कार्य हुन सहेको छैन ।

ख) नीजि क्षेत्रबाट प्राविधिक पशु सेवा प्रवाह भैरहेको भएपनि व्यवसायिक कृषकको आवश्यकता अनुरुपको सेवा छिटो र प्रभावकारी गर्नुपर्ने देखिएको छ । नगरपालिकाले पशु प्रवर्धनकोलागी चालेका कदमहरुको नियमित प्रभावकारिता अनुगमन गर्ने कार्य पर्याप्त जनशक्तिको अभावले सोचे जस्तो गर्न नसकिएको देखिएको छ ।

ग) पशुपालन गर्ने कृषकहरुले पर्याप्त तालिम तथा पहुपानको जानकारी प्राप्त गर्न नसकेको हुँदा पशुकालागी वासस्थानको महत्व र त्यसको उचित व्यवस्थापन हुन सकेको छैन । यस क्षेत्रका धेरै कृषकहरुले सवै पशुहरुलाई एउटै गोठमा राख्ने गरेका छन् । यद्यपी हालको अवस्थामा नगरपालिका, वडा र पशु विकास शाखाले गोठ खोर सुधारको कार्यक्रलाई महत्वकासाथ अगाडी बढाएतापनि सवै कृषकलाई समेट्न सकिएको छैन ।

घ) स्थानीय सरकार तथा अन्य विकास साझेदार निकायले कृषकहरुको क्षमता अविबृद्धि गर्न विभिन्न प्राविधिक क्षमता प्रवर्धन गर्ने तालिम प्रदान गरिरहेका छन् । तर अझैपनी सवै पशुपालक कृषकलाई पशुपालनका विविध क्षेत्रको ज्ञान सीप वारे पार्याप्त जानकारी पुगेको छैन साथै नियमित अनुगमन पनि हुन नसकेको हुँदा कृषकले समस्या भोग्नु परेको छ ।

ङ) सुधारिएको पशु नश्लको प्रवर्धन गर्ने कार्य न्युन रुपमा भएको छ । पशु व्यवसायलाई व्यवसायिकरण गर्नकोलागी बढी उत्पादन दिने नश्लको प्रवर्धन गर्नुपर्नै जरुरि हुन्छ । नगरपालिका तथा पहु विकास शाखाले यसमा कार्य गरिरहेको सन्दर्भमा सुधारिएका नश्लको पशु कृषकलाई उपलव्ध गराउनुपर्ने देखिन्छ ।

च) नीजि र सरकारी क्षेत्रबाट खोप सम्वन्धि प्राविधिक सेवा प्रदान भैरहेको भएतापनी सवै वडाका सवै पशुपालक कृषकहरुले सो सेवा आवश्यकता अनुरुप प्राप्त गर्न समस्या रहेको छ । अत्यन्तै छिटो छरितो रुपमा सेवा प्रवाह गर्नुपर्ने भएकोले आवश्यकता अनुरुप जनशक्तिको व्यवस्थापन गरी कृषकको गोठमै सेवा प्रदान गर्नुपर्ने कार्य हुन नसकेको देखिएको छ ।

### ५.२.३ मुख्य सूझावहरु

क) नगरपालिकाले विशेष गरी गाई, बाख्रा, भैंसी पालक कृषकलाई सुधारिएको नश्ल (वीउ बोका) र खोर निर्माणको लागि अनुदान दिदै आईरहेको र यस्ता क्रियाकलापलाई निरन्तरता दिनुपर्ने साथै उत्पादन बृद्धि गर्ने नश्लका पशु विस्तारकालागी ए. आई. तथा ब्याड बोका प्रवर्धन गर्नुपर्ने देखिएको छ जसले

गर्दा व्यवसायिक पशुपालन अभ्यासलाई प्रवर्धन गर्न सकिने, उत्पादनमा बृद्धि हुने र बजार व्यवस्थापनमा सहज हुने सम्भावना छ ।

ख) कृषकहरुलाई क्षमता वृद्धि सम्वन्धि तालिम प्रदान भैरहेको भएपनि सवै कृषहरु नसमेटिएको र कृषकलाइ अवश्यक पर्ने क्षमता विकास तालिमका प्याकेजहरु पर्याप्त नभएको पाइएकोले तालिम बृद्धि गर्नुपर्ने तथा आहाराको लागि उपयुक्त क्लस्टरमा वहुउद्देश्यीय नर्सरी स्थापना गरी पोषिलो घासको व्यवस्थापनमा जोड दिनुपर्ने ।

ग) कृषिजन्य उत्पादन नहुने जग्गा छुट्टयाई घाँसको लागि रुख रोपण गर्न प्रेरित गर्नुपर्ने र आवश्यकता अनुरुप घाँसको वीउ तथा वेर्ना उपलव्ध गराउनु पर्ने । नर्सरी व्यवस्थापन गर्न कृषकलाई प्रोत्सहन गरी वस्ति स्तरमै घाँस उत्पादन तथा विक्री वितरणको वातावरण सिर्जना गर्नुपर्ने ।

घ) भेट केन्द्र प्रवर्द्धनका लागि यस अध्ययनले पहिचान गरे अनुरुपका ठाउँहरुमा सहयोग गर्नुपर्ने ।

ङ) सरकारी सेवालाई सुदृढ (नियमित खोप, औषधीको व्यवस्था) गर्नुपर्ने तथा नीजि स्तरवाट प्रवाह सेवालाई नियमन तथा प्रभावकारी प्रवाहमा सहयोग गर्नुपर्ने ।

च) नश्ल सुधारका लागि अनुदान प्रदान गर्ने तथा आवश्यकता परेमा कृषकको चाहाना अनुरुप अन्य नश्लका पहु वस्तुको प्रवर्धन गर्ने ।

छ) पशु स्वास्थ्य शिविर सञ्चालन गर्दा कृषकले गाउँमै सेवा प्राप्त गर्ने र पशुको स्वास्थ्य परिक्षण गराउन सहज हुने भएकोले यस कार्यलाई नियमित गर्नुपर्ने साथै पशु विशेष गरी बाख्रा विक्रीकोलागी हाट बजार वा कुनै विक्री स्थलको व्यवस्था गर्न सकिएमा कृषकलाई सहज हुने र विचौलियाको मारमा पर्नु नपर्ने वातावरण सिर्जना गर्नुपर्ने ।

## ५.३ गैरकाष्ट वन पैदावारहरु ५.३.१ गैरकाष्ट वन पैदावारका अवसरहरु

यस क्षेत्रमा गैरकाष्ठ वन पैदावरहरु जस्तै चिउरीबाट तेल, टिमुर, दालचिनी, मह, अम्रीसो आदि उत्पादन हुने कुरालाई जोड दिएको थियो । उक्त उत्पादनहरु प्रायः प्राकृतिक रुपमा निश्चित भएको र यस्ता दोहोरिने नगदे वालीको रुपमा रहेका पैदावरको अत्यधिक उत्पादनमा ध्यान गएको छैन । यस्ता पैदावारहरु उपयुक्त जग्गामा खेती नगरिएकोले उत्पादकत्व कम भएको छ । यस्ता वस्तुहरु कम विग्रिने भएकोले नगरपालिकाबाट कम पहुँच भएको स्थानहरु जुन बजारको केन्द्र र सडक पहुँचभन्दा टाढा रहेको छ त्यहाँ पनि प्रवर्द्धन गर्न सकिन्छ ।

### ५.३.२ मुख्य चूनौतिहरु

क) सिंचाईको अभाव मुख्य चुनौतिको रुपमा रहेको छ । नजिकै माडी खोलामा प्रशस्त पानी बगिरहेको भएपनि त्यसको उपयोग कृषि प्रवर्धन तथा अन्य सिँचाईको लागी आवश्यकता अनुरुपको हुन सकेको छैन ।

व्यावसायिक कृषि तथा पशूपंक्षी पके

ख) इलाका डिभिजन वन कार्यालयले नर्सरी बहुउद्देश्यीय नर्सरी स्थापना तथा विरुवा वितरणको कार्य सुरु

गरेको भएतापनि सवै जाती प्रजातीको विरुवा उत्पादन भैनसकेको हुँदा कृषकले आफुले चाहेको विरुवा सहजै प्राप्त गर्न नसकिरहेको ।

ग) सडकसंगको पहुँचमा कमी : हाल वडामा प्राय सवै वस्तिमा बाटो निर्माणको कार्य द्रुत गतिमा भैरहेको छ तर बर्खा सिजनमा सवै बाटोमा सार्वजनिक यातायातको व्यवस्था हुन नसक्दा गाउँको उत्पादनलाई तुरुन्तै बजारसम्म पुर्याउन कठिन छ ।

घ) प्रचारप्रसार सीप/ज्ञानको कमी : यस क्षेत्रमा प्रचुर मात्रामा प्रात हुने गैर काष्ठ वन पैदावारको उचित प्रचार प्रशारको कमिले व्यवसायिकरणमा बाधा पुगेको छ । विशेष गरी टिमुर, चिउरी जस्ता नगदे वन पैदावारको प्रचार प्रशार र उत्पादनमा कृषकको पर्याप्त ज्ञानको कमी रहेको छ ।

ङ) काट्न कठिनाई : कृषकलाई तालिमको अभाव तथा आवश्यक औजार र सामाग्रीको व्यवस्था हुन नसक्दा गैर काष्ठ वस्तु विशेष गरी टिमुर संकलन गर्ने बैज्ञानिक गर्न सकिएको छैन ।

च) यातायाको कठिनाई र संकलन केन्द्रको अभाव : यस क्षेत्रमा उपलव्ध हुने र उच्च बजार माग भएको वस्तुको बजार प्रवर्धन गर्न संकलन केन्द्र नहुँदा कृषकले सोभ्कै घरवाटै विक्री गर्नुपर्ने र विचौलियाको मारमा पर्ने समस्या रहेको छ ।

छ) चिउरीको बोट काठ वा अन्य प्रयोगको लागि काट्नु : गैर काष्ठ पैदावार प्राप्त हुने रुख विरुवाहरु अन्य प्रयोजनकोलागी पनि प्रयोग हुनेहुँदा दिन प्रतिदिन मासिदै गएको छ ।

५.३.३ मुख्य सूझावहरु क)सिंचाई योजनाहरुको विकास तथा विस्तार

ख) नर्सरीहरु स्थापना ग बजारीकरणको लागि संकलन केन्द्र र मह

प्रशोधन केन्द्रको स्थापना

घ) प्रचार प्रसारको तौरतरीका र विधि सम्वन्धि क्षमता वृद्धि तालिम

ङ) काटँछाट र कटान सम्वन्धि तालिम च) चिउरी, टिमुर जस्ता उच्च मुल्यका र यस क्षेत्रमा बढी उत्पादन हुने गैर काष्ठ वस्तुको प्रशोधन केन्द्र स्थापना तथा कृषकलाई तालिम प्रदान

## ६कृषि तथा पशूपंक्षि व्यवसायिकरणका लागि सेवा प्रदायकहरुको उपलव्धता

कृषकहरुका लागि नगरपालिका भित्र खाद्यान र अन्य सेवाहरुको लागि वित्तिय पहुँचका साथै प्राविधिक सेवा दिने संस्थाहरु जस्तै एग्रोभेट, कृषि सहकारीका साथै वचत तथा ऋण सहकारीहरु, सरकारी सेवा केन्द्रहरु र विकास साभ्केदार संस्थाहरु कार्यरत छन् । यस स्वर्गद्वारी नगरपालिकामा ४ वटा एग्रोभेट, १४ वटा सहकारीहरु र सरकारी निकायहरु कार्यरत रही आफ्नो विषयगत सेवा प्रदान गर्दै आएका छन् ।

६.१ कृषि सेवा प्रदायकका`

उपलव्धता

यस नगरपालिकामा ४ वटा एग्रोभेटले आफनो सेवा दिदै आएको र विशेषगरी विउँ, मल र विषादीहरु आवश्यकता अनुसार उपलव्ध गराउँदै आएको छ। कृषकहरुलाई अभिप्रेरित गर्नका लागि ४ वटा एग्रोभेटहरु सम्भावित उत्पादन क्षेत्रहरु बेलवास, खन्नेखोला, भञ्ज्याङ्गछेडा र कोचीवाङ्गमा शुरु गर्नुपर्ने भएकोले तल चित्रण गरिएको छ।




चित्र १०स्वर्गद्वारी नगरपालिकामा संचालनमा रहेको र सम्भावित स्थान

## ६.२. वित्तिय सेवा प्रदायकका` उपलव्धता

यस नगरपालिकामा १८ वटा सहकारीहरुमध्ये २ वटा कृषि सहकारी रहेको, सरकारी सेवा विस्तार शाखा र विकास साझेदार संस्थाहरु विद्यमान रहेका छन् जसले आफ्ना सेवाहरु दिई कृषकहरुले वित्तिय पहुँच र प्राविधिक सेवाहरु प्राप्त गर्दै आएका छन्। यस अध्ययनले पनि थप कृषि सहकारी संसथा आवश्यक भएको पहिचान गरेको छ जुन वडागत योजनामा समावेश गरिएको छ। ती वित्तिय सेवा प्रदान गर्ने संस्था तथा निकायहरुको विवरण तालिका ४ मा राखिएको छ। तालिका ४ अध्ययन क्षेत्रमा रहेका सेवा प्रदायकहरुको नाम, कार्य र ओगटेको क्षत्रे को विवरण

| क.सं. | सेवा प्रदायकको नाम | दिएको सेवा | समेटिएको क्षेत्र | प्रकार |
|---|---|---|---|---|
| १ | हिमाल बचत तथा ऋण सहकारी | बचत र ऋण | वडा नं. १ (पहिलेको कोचिवाङ गाविस) | सहकारी |
| २ | सूर्यमुखी सहकारी | बचत र ऋण | स्वर्गद्वारी वडा नं. २ | सहकारी |
| ३ | नमुना लघु उद्यमी सहकारी | बचत/ऋण | धानवाङ्ग र आसपासको क्षेत्र | सहकारी |
| ४ | त्रिशक्ति कृषि सहकारी | बचत/ऋण | वडा नं.३ | सहकारी |
| ५ | दुर्गामाता बचत तथा ऋण सहकारी | ऋण /बचत | वडा नं.३, ४ | सहकारी |
| ६ | प्रज्वलित महिला उद्यमी सहकारी | ऋण /बचत | वडा नं.४ | सहकारी |
| क.सं. | सेवा प्रदायकको नाम | दिएको सेवा | समेटिएको क्षेत्र | प्रकार |

| | | | | |
|---|---|---|---|---|
| ७ | सिस्नेरी बचत तथा ऋण सहकारी | ऋण /बचत | वडा नं.५ | सहकारी |
| ८ | खडकेश्वरी महिला सहकारी | बचत/ऋण | वडा नं.५ | सहकारी |
| ९ | साना किसान कृषि सहकारी | बचत/ऋण | वडा नं.५ | सहकारी |
| १० | साना किसान सहकारी | ऋण /बचत | वडा नं.६ | सहकारी |
| ११ | पन्चकन्या बचत तथा ऋण सहकारी | बचत/ऋण | वडा नं.६ | सहकारी |
| १२ | प्रज्वलित महिला उद्दमी सहकारी | बचत/ऋण | वडा नं.६ | सहकारी |
| १३ | पन्चकन्या बचत तथा ऋण सहकारी | ऋण /बचत | वडा नं.६, ७ | सहकारी |
| १४ | साना किसान सहकारी | बचत/ऋण | वडा नं.६, ७ | सहकारी |
| १५ | पन्चकन्या बचत तथा ऋण सहकारी | ऋण /बचत | वडा नं. ७ | सहकारी |
| १६ | साना किसान सहकारी | बचत/ऋण | वडा नं.६, ७ | सहकारी |
| १७ | दुर्गामाता बचत तथा ऋण सहकारी | ऋण /बचत | वडा नं.९ | सहकारी |
| १८ | सूर्योदय लघुवित्त | बचत/ऋण | वडा नं. ८, ९ | लघुवित्त |

### ६.३वजार व्यवस्थापनका लागि संकलन केन्द्र र यसको अवस्था

यसनगरपालिकामा तरकारी संकलन केन्द्र व्यवस्थापन नभएतापनि भिंगृ जेमुपाटामा तरकारी संकलन केन्द्र भवन रहेको छ । केहि समय सहकारी संस्थाले नै सो भवनवाट तरकारी संकलन गर्ने र बजारमा बिक्री वितरण गर्ने गरेको भएतापनि हाल उक्त कार्य नभएकोले नगरपालिकाले बजार व्यवस्थापन समिति गठन गरी सम्भाव्यता अध्ययन गर्दै सो संकलन केन्द्रलाई पुनः सत्तचालनमा ल्याउने तयारी गरिरहेको छ । यद्यपी संकलन केन्द्रलाई स्तरउन्नती गर्न आवश्यक देखिन्छ । यी क्षेत्र वाहेक अन्य क्षेत्रहरुमा उत्पादन भएका वस्तुहरु संकलन गर्नका लागि विभिन्न ठाउँमा ८ वटा संकलन केन्द्र स्थापना गर्नुपर्ने स्थानहरु पहिचान गरियो जसलाई तल चित्रण गरिएको छः




चित्र ११संचालनमा रहेका र सम्भावित संकलन केन्द्रहरु

| वजारीकरणका अवसरहरु |
|---|
| क) नजिकको भिंगृ बजार<br>प्यूठान जिल्लाको रोल्पा-भालुवाङ सडकमा रहेको भिडग्री एक सम्भावित बजारको रुपमा रहेको छ। यस अवस्थामा उत्पादित वस्तहरुलाई स्थानीय बजारमा विक्री गर्ने अवसर रहेको छ।<br>ख) आफ्नै गाउँमा ठूलो माग हुनु उच्च मूल्यका उत्पादित वस्तुहरुको आफनै गाउँमा घर परिवारका लागि उच्च माग भएकोले आफनै ठाउँका व्यक्तिहरुले उत्पादित वस्तुहरु किन्ने अवसर रहेको छ।<br>ग) सडक सम्पर्कमा विस्तार हुनु जिल्लामा सडक निर्माण कार्य द्रुत गतिमा विस्तार भईरहेकोले कृषिजन्य उपजहरुलाई सजिलै र छिटो बजारसम्म पुऱ्याउन सकिने अवसरहरु प्राप्त भएको छ। यसले व्यापारीहरुलाई उत्पादन क्षेत्रसम्म जानसक्ने बनाएको छ।<br>घ) सडक कोरिडोरको निकटता भिडग्री-भालुवाङ सडक खण्ड ६७ कि.मी. कालोपत्रे भएकोले २ घण्टामा छिचोल्न सकिन्छ। नेपालको सबै सहरहरुलाई पूर्वपश्चिम जोड्ने महेन्द्र राजमार्ग रहेको छ। यसले नेपालको कुनै पनि ठाउँमा उत्पादित वस्तुहरुलाई माग अनुसार पुऱ्याउन सकिने अवसर दिएको छ। |

६.३.१कृषिजन्य उत्पादित वस्तहू रुका` बजारीकरणका चूनौतिहरु

क) न्यून परिमाणमा उत्पादन हुनुपहाडी क्षेत्रका लागि न्यून परिमाणमा उत्पादन हुनु एक मूख्य चुनौति रहेको हुन्छ जहाँ केही कृषकहरुले मात्र उच्च मूल्यका तरकारी लगाएका हुन्छन् । ढुवानी लागत बढी हुने भएकोले पूरा गाडी नभई आधामात्र गाडी भरिने उत्पादित वस्तु किन्न व्यापारीहरु उत्साहित हुंदैनन् ।

ख) संकलन केन्द्र नहुनःकेही क्षेत्रहरुमा उत्पादित वस्तुहरुको संकलन गर्ने स्थान अभाव हुनु अर्को चुनौति रहेको छ । उक्त स्थान वा उत्पादन हुने ठाउँहरुमा सम्पूर्ण उत्पादित वस्तुहरुको संकलन गर्न कठिनाई हुने र व्यापारीलाई उत्पादित वस्तु किन्नका लागि बरालिनु पर्ने हुन्छ ।

ग) यातायात सुविधाः हाम्रो नेपाल जस्तो विकाशसील देशमा नियमित यातायात सेवामा पहुँच पुगेको छैन जुन चुनौति रहेको छ ।

घ) बजारीकरण माध्यमको अभावःउत्पादित बस्तुलाई बजारसम्म पुऱ्याउने आधिकारिक माध्यमको अभावले मर्का पारिरहेको छ । जव बजारको माग अनुसारको उत्पादन नहुँदा व्यापारीहरु कृषकको खेतमै उत्पादन लिने र पर्याप्त उत्पादन हुँदा कृषकहरुले आफ्नो उत्पादन डोकोमा बोकी घर घरमा पुऱ्याई कम मूल्यमा विक्री गर्नुपर्ने वाध्यता रहेको छ ।

ङ) जथाभावी मूल्य निर्धारणःव्यापारीले उत्पादित वस्तुहरु पाईएको ठाउँमा नै जथाभावी मूल्य तोकी निश्चित गर्ने र कृषकहरु यस सिन्डिगेटको मारमा पर्दै आएका छन् ।

च)वर्षभरी सडकसंग पहुँच नहुनु : अधिकांश पहाडी क्षेत्रहरुमा मौसमी वा ग्राभेल गरिएका सडकहरु सामान्य वर्षा र अन्य कारण जस्तै बाढी, पहिरो आदिले विग्रिने गर्दछन् ।

६.५नगरपालिकाबाट प्रदान गर्ने सरकारी सेवाहरुका` उपलव्धता

नगरपालिकाले कृषि क्षेत्रको विकासका लागि विभिन्न सुविधाहरु प्रदान गर्न बजेटको व्यवस्था गरेको छ । यस अध्ययनका लागि पनि नगरपालिकाले बजेट विनियोजन गरेको र गोल परियोजनाले अध्ययन कार्यको संयोजन गरेको छ ।

## ७. उपयूक्त वातावरण र सहयोगी सेवाहरु

७.१सिंचाईका` अवस्था अध्ययन गरिएको क्षेत्र मध्य देखि उच्च पहाडी क्षेत्र भएकोले घरधन्दा र कृषि प्रयोजनको लागि सिंचाई सुविधा एक मूख्य चुनौतिको रुपमा रहेको पाईएको छ । अध्ययन टोलीले उच्च मूल्यका तरकारी उत्पादन गर्नका लागि पहिलो र मूख्य चुनौति नै सिंचाई रहेको निक्यौंल गरेको छ । यसैगरी यस क्षेत्रमा सिंचाई विस्तारकोलागी बजेटको ठुलो हिस्सा विनियोजन गरिएको छ ।

७.२ विद्यमान र सम्भावित सिंचाई योजनाहरु हाल नगरपालिकामा ६३ वटा नहर, ११ वटा पोखरी, ४ वटा लिफ्ट र २ वटा पाईप लाईनबाट २९,३८५ रोपनीमा सिंचाई हुँदै आएको छ (विस्तत विवरण अनुसूचीमा राखिएको) । यसैगरी अध्ययन टोलीले यस क्षेत्रमा ४ वटा सिंचाई नहर, २३ वटा सिंचाई पोखरी, १३ वटा लिफ्ट सिंचाई योजना र ४ वटा सिंचाई पाईपलाईन योजनाको सम्भावना देखेको छ ।



चित्र१२संचालित र सम्भावित सिंचाई कूलो/पाईपलाईन



चित्र१५ सम्भावित सिचाई पोखरी

चित्र१३संचालित र सम्भावित सिचाई पोखरीहरु योजनाहरु

चित्र १४संचालित र सम्भावित लिप्ट सिंचाइ योजनाहरु

### ७.३ नीतिगत वातावरण

स्थानीय सरकारले हाल कृषि क्षेत्रलाई विकासको मूख्य आधार मान्दै आएको छ । यस क्षेत्रको प्रवर्द्धनका लागि विभिन्न प्रोत्साहन गर्दै आएको, न्यून कर, कृषि उपकरणमा कर छुट साथै न्यून र अनुदानमा कृषि क्षेत्रमा लगानीका लागि ऋण प्रवाह गरिरहेको छ ।

### ७.४ हाल रहेका कृषक समुहहरु र विश्वास

विभिन्न सेवा र सुविधा लिनका लागि कृषक समूहहरुले काम गर्दै आएको छ जसले नाफामुखी कृषि कार्यका लागि उपयुक्त निर्देशन अनुसार परिचालित भईरहेका छन् । अहिले कृषक समूहहरु ठूलो परिमाणमा उत्पादन गर्दै व्यापारीहरुलाई उत्पादन क्षेत्रसम्म तान्न लागिपरेका छन् । कृषक समूहहरु नयाँ प्रविधिहरुलाई अंगाल्दै कृषि कार्यलाई आधुनिकीकरण प्रति रुची राख्न थालेका छन् ।

## ८. वडागत पकेट क्षेत्रहरु विवरण

### ८.१ वडा नं. १ का पकेट क्षत्रे को विवरण र विश्लेषण

प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिकाको वडा नं. १ को वडा कार्यालय जिपिएसको स्थानमा २८.०९२४५ पूर्वी देशान्तर र ८२.६५५ उत्तरी अक्षांशसम्म र समुन्द्री सतहबाट १२०६ मीटर माथि अवस्थित छ । यस वडामा भन्ज्याङ, बाक्सीङ, कुसुन्डे, सल्लाबोट, रुमा, साकरीबाङ, दवाङ, भ्रुपुल्टे, कोचिवाङ, बाह्रविसे र तरि सल्लावेसी नामका वस्तीहरु रहेका छन् । क्लष्टर १ भन्ज्याङ १५-४५ डिग्री भिरालो, दक्षिणपूर्वी र उत्तरी मोहडामा रहेको र बलौटो माटो, प्रयाप्त घाम र पानी भएको, क्लष्टर २ कोचिवाङ १५-५५ डिग्री भिरालो, दक्षिणपूर्वी र उत्तरी मोहडामा रहेको र बलौटो माटो, प्रयाप्त घाम र पानी भएको रक्लष्टर ३ बाह्रविसको बलौटे मिश्रित माटो, ५-५० डिग्री भिरालो, दक्षिणी मोहडामा रहेको र घाम पानीको अवस्था राम्रो भएको स्थान हो । यस जानकारी लिन

प्रत्येक क्लष्टरमा उक्त क्षेत्रका विभिन्न सरोकारवालाहरु जस्तै कृषकहरु, व्यापारीहरु, सामग्री आपूर्तिकर्ताहरु र सरकारी सरोकारवालाहरुसंग लक्षित समूह छलफल गरिएको थियो ।

तालिका ५ वडा नं. १ का क्लष्टरहरुमा उत्पादनहरुको विवरण

| क्लष्टर | उत्पादन (कि.ग्रा/रोपनी) | | | | पशुपक्षि | |
|---|---|---|---|---|---|---|
| | अन्नवाली | फलफूल | तरकारीहरु | गै.का.व.पै. | जीवित बाखाको तौल | भैंसी/गाईको दुध |
| १ | ९६.६६ | ६९३ | ९६० | ३०० | बाखा -२६ | |
| २ | ६९ | ६३३ | ८०० | ५२५ | | भैसी ३ लिटर |
| ३ | २९९ | ३७३ | १०४० | ५०० | | गाई २ लिटर |
| प्राथमिकता | मकै गहु र तोरी | सुन्तला कागती र अमिलो | काउली, आलु, बन्दा काक्रा | टिमुर, चिउरी दालचिनी, मौरीको घार | | |

वडा नं. १ को क्लष्टरहरुको तथ्यांकल अन्नबालीको उत्पादन क्विन्टल प्रति रोपनी निक्कै कम रहेको देखाउँछ भने फलफूलको उत्पादन भने राम्रो देखाउँछ । तरकारी उत्पादन भने ९ क्विन्टल प्रति रोपनी रहेको छ । पशुपालनको अवस्था संतोषजनक नै रहेको छ । यस क्लष्टरहरुमा काउली, आलु, बन्दा र काक्रो नै उपयुक्त र प्रमूख तरकारी वाली हुन् । प्राथमिकिरण सूचीलाई हेर्दा यस क्लष्टरहरुको पहिलो उत्पादनको क्षेत्र भने पशुपालन रहेको छ किनकी ४७५ कृषकहरुमध्ये ३४० जनाले व्यवसायिक पशुपालन गर्दै आएको छ भने ३७० जना कृषकहरुमध्ये ३७ जनाले मात्र तरकारी खेती गर्दै आएका छन् । सिंचाई सुविधा भएमा तरकारी खेती लगाउन योग्य १३०५ रोपनी मध्ये १७० रोपनी जग्गामा मात्र हाल तरकारी खेती भईरहेकोले तरकारी खेतीको अत्यधिक सम्भावना देखिन्छ ।

तलको तालिकामा वडा नं. १ मा गरिएको सहभागितामूलक लक्षित समूह छलफलको आधारमा प्राथमिकीकरणको श्रृखला प्रस्तुत गरिएको छ जसमा घरधुरीहरुले व्यवसायिक खेती गरिएको क्षेत्रफल समेत समेटिएको छ ।

तालिका ६ स्वर्गद्वारी नगरपालिकाको यस वडाका क्लष्टरहरुमा बहू मापदण्ड सुचकांकबाट प्राथमिकतामा परेका क्षत्रे हरु

| प्राथमिकता / क्लष्टर | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ |
|---|---|---|---|---|---|
| १ | पशुपालन | गैरकाष्ठ वन पैदावार | फलफुल | तरकारी | अन्नबाली |
| २ | पशुपालन | गैरकाष्ठ वन पैदावार | तरकारी | फलफुल | अन्नबाली |
| ३ | तरकारी | पशुपालन | अन्नबाली | गैरकाष्ठ वन पैदावार | फलफुल |

| | | | | | |
|---|---|---|---|---|---|
| यस क्षेत्रका घरधुरीहरु र हाल खेती गरिरहेको क्षेत्रका साथै अन्य सम्भावित क्षेत्रहरुमा सहयोग गर्ने | ३७० कृषकहरुमध्ये हाल ३७ कृषकहरुले व्यवसायिक तरकारी खेती गरिरहेको र सम्भावित १३०५ रोपनी मध्ये १७० रोपनीमा खेती भईरहेको छ । | कूल १३३० घरधुरीहरु मध्ये ४२० घरधुरीहरुले व्यवसायिक गैरकाष्ठ वन पैदावार उत्पादन गरिरहेको जुन सम्भावित ५३० रोपनी मध्ये ७५ रोपनीमा भईरहेको छ । | ३८० घरधुरीमध्ये कसैले पनि व्यवसायिक फलफूल खेती गरेका छैनन् तर १०० रोपनी मध्ये ९७ रोपनीमा फलफूल खेतीले ओगटेको छ । | ४७५ घरधुरीमध्ये ३४० घरधुरीहरुले व्यवसायिक रुपमा यस क्षेत्रमा पशुपालन गरिरेहका छन् । | ५७० घरधुरीमध्ये ५० घरधुरीहरुले व्यवसायिक अन्नबाली उत्पादन गरिरहेका छन् । यस क्षेत्रमा |

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने सिंचाई सुविधा नभएकोले धेरै कम घरधुरीले व्यवसायिक तरकारी खेती (३७० मध्ये ३७ ले) गर्दै आएको देखाउँछ भने दुई तिहाई (४७५ घरधुरीहरुमा ३४० घरधुरीहरु) घरधुरीहरु भने पशुपालन व्यवसायमा संलग्न रहेका छन् । गैरकाष्ठ वन पैदावारको उत्पादनको क्षेत्रमा ठूलो संख्यामा संलग्न भएको पाईयो र हाल ७५ रोपनीबाट ५३० रोपनीमा गैरकाष्ठ वन पैदावार लगाउन सकिने ठूलो अवसर रहेको देखिन्छ । यस क्षेत्रमा कसैले पनि व्यवसायिक फलफूल खेती गरेको पाईएन् भने १० प्रतिशत भन्दा कम (५७० घरधुरी मध्ये ५० घरधुरी) मात्र व्यवसायिक अन्नवाली लगाउने गरेको पाईयो जुन १३४५ रोपनी जग्गा नै सम्भावित क्षेत्र रहेको छ ।

फिल्डबाट संकलित सत्य तथ्यलाई आधार मान्दा नगरपालिकाको वडा नं. १ मा अध्ययन टोलीले तल उल्लेखित उत्पादनहरुको सम्भावना रहेको र उक्त वस्तुहरु व्यवसायिकरण गर्न सिफारिस गर्दछः तालिका ७स्वर्गद्वारी वडा नं. १ को क्लष्टरहरुको लागि सिफारिस गरिएका क्षेत्रहरु

| क्र.सं. | क्लष्टर | व्यवसायिक पकेट | सिफारिस गर्नुको तर्क |
|---|---|---|---|
| १ | १. भन्ज्याङ्ग | तरकारी खेती | यहाँका ७० कृषकहरु तरकारी खेतीका लागि सम्भावित कृषकहरु रहेको र सिंचाई हुनसकेमा २५ रोपनी भन्दा वढी जग्गामा व्यवसायिक तरकारी खेती गर्न सकिन्छ । यहाँको माटो बलौटे हिलो, प्रशस्त घाम लाग्ने र बर्षा हुने, उत्तरी मोहडामा अवस्थित छ । सडक सुविधाले बजार नजिकै भएकोले उच्च मूल्यका |
| | | | बालीहरु लगाउन सिफारिस गरिन्छ । |

| | | | |
|---|---|---|---|
| २ | २ कोचिवाङ | पशुपालन | यस क्षेत्रमा ४७५ घरधुरीहरु मध्ये ३४० घरधुरीले व्यवसायिक पशुपालन गर्दै आएका छन् भने फलफूल र गैरकाष्ठ वन पैदावारको क्षेत्रमा पनि विस्तार गर्न सकिने सम्भावना रहेको छ भने किनपनि भने प्रशस्त घाम लाग्ने र न्यून पानी पर्ने दक्षिणपूर्वी मोहडामा सामान्य भिरालो जमीन रहेको छ। सुख्खा र मध्यम पहाडी क्षेत्रमा साना पशुहरु पाल्न उपयुक्त हुन्छ। |
| ३ | ३ बाह्रविसे | तरकारी खेती | यहाँका १२० कृषकहरु तरकारी खेतीका लागि सम्भावित कृषकहरु रहेको र सिंचाईको सहज पहुँच व्यवस्थापन हुन सकेमा १२०० रोपनी भन्दा वढी जग्गामा व्यवसायिक तरकारी खेती गर्न सकिने सम्भावना रहेको छ। यहाँको माटो बलौटे हिलो, प्रशस्त घाम लाग्ने र बर्षा हुने, उत्तरी मोहडामा अवस्थित छ। |

वडा नं १ मा व्यावसायिक पकेट क्षेत्र प्रवर्धन र विस्तार गर्नका लागि कार्ययोजना तालिका
८ वडा नं १ को लागि कार्ययोजना

| सि नं. | कार्य योजनाको नाम | कार्यान्वयन आ. व. |
|---|---|---|
| 1 | एग्रोभेट स्थापना गर्ने | 2076 |
| 2 | सहकारी गठन र दर्ता गर्ने | 2076 |
| 3 | कृषि सम्वन्धि सामाग्री खरिद गर्नकालागि अनुदानको ब्यवस्था गर्ने | 2076/77 |
| 4 | कृषकहरुलाई ट्राईकोडर्मा सम्वन्धि क्षमता विकास तालिम सञ्चालन गर्ने/ ट्राईकोडर्मा तयार गर्न उद्यमी तथा ब्यवसायी तयार गर्ने | 2077 |
| 5 | बस्ती स्तरमा एकीकृत शत्रु जीव ब्यवस्थापन (आई.पि.एम.) सिकाई केन्द्र विकास गर्ने | 2077 |
| 6 | कृषि तथा पशु बिमा/ईन्स्योरेन्स वारेमा जनचेतना जगाउने/बाली बिमा सम्वन्धि क्षमता विकास गर्ने | 2076 |
| 7 | जंगली जनावर/जन्तु ब्यवस्थापन गर्ने | 2076 |
| 8 | किट नाशक तथा विषादीको सुरक्षित प्रयोग सम्वन्धि क्षमता विकास तालिमआयोजना गर्ने | 2077 |
| 9 | कृषकहरुलाई एकीकृत शत्रु जीव ब्यवस्थापन(आई.पि.एम.) सम्वन्धि क्षमता विकास तालिम प्रदान गर्ने | 2077 |
| 10 | प्लाष्टिक टनेल र साना थोपा सिंचाईमा अनुदानको ब्यवस्था गर्ने | 2076 |
| 11 | जलवायु अनुकुलन स्मार्ट प्रविधिको नमुना प्रदर्शनी गर्ने | 2076 |
| 12 | अगुवा कृषक, ब्यापारी र सम्वन्धित सरोकारवालाहरु विच समन्वय र परामर्श बैठक/गोष्ठी आयोजना गर्ने | 2077 |

| सि नं. | कार्य योजनाको नाम | कार्यान्वयन आ. व. |
|---|---|---|
| 13 | कृषकहरुलाई बजार, बजारीकरण र मुल्य श्रंखला सम्वन्धि क्षमता विकास तालिम प्रदान गर्ने | 2077 |
| 14 | कृषकहरुलाई पशु पालन (बाख्रातथा भैसी) र व्यवस्थापन सम्वन्धि क्षमता विकास तालिम प्रदान गर्ने | 2076 |
| 15 | समुदाय स्तरमा बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने | 2076 |
| 16 | नगरपालिका मार्फत् अनुदानको व्यवस्था गरि कृषकहरुलाई डाले घाँस र भुई घाँसको विरुवाहरु वितरण गर्ने | 2076 |
| 17 | सुधारिएको खोर निर्माणलाई प्रवर्द्धन गर्ने | 2076 |
| 18 | कृषकहरुलाई पशु आहारा/दाना तयारी र व्यवस्थापन क्षमता विकास तालिम प्रदान गर्ने | 2076 |
| 19 | कृषकहरुलाई खनिज ढिक्का तयारी सम्वन्धि क्षमता विकास तालिम प्रदान गर्ने | 2076 |
| 20 | ग्रामिण स्तरमा कृषि सडक विस्तार र सुधार गर्ने | 2078 |
| 21 | कृषकहरुलाई पोष्ट हार्भेष्ट र उपज क्षति न्युनीकरण सम्वन्धि क्षमता विकास तालिम | 2076 |
| 22 | कृषकहरुलाई कृषि उपज भण्डारण प्रविधि तालिम | 2076 |
| 23 | अगुवा कृषकहरुलाई मोबाइल एस.एम.एस. मार्फत् तरकारीको मुल्य सम्वन्धि जानकारी प्रवाह गर्ने | 2077 |
| 24 | नगरपालिका मार्फत् मुल्य निर्धारण गरि स्थानीय एफ.एम. रेडियो वाट प्रचार प्रसार गर्ने | 2077 |
| 25 | साना थोपा सिंचाई र स्प्रिङ्कलर सिंचाई प्रविधि प्रवर्द्धन र विस्तार गर्ने | 2076-86 |
| 26 | सिंचाई कुलो, पोखरी, प्लाष्टिक पोखरी, बहुउपयोगीपानी प्रणाली निर्माण तथा पुनर्निर्माण गर्ने | 2076-85 |

तालिका ९ वडा नं १ का` सिंचाईका` लागि कार्ययाजे ना

| क्र.स | सिँचाई योजनाहरु | योजनको किसिम |
|---|---|---|
| १ | निगालेनी खोला देखि ढाड जाईधारा | सिंचाइ कुलो |
| २ | रुम सिंचाई पोखरी | सिंचाई पोखरी |

| | | |
|---|---|---|
| ३ | रुङखोला देखी बारविसे सिंचाई कुलो | सिंचाइ कुलो |
| ४ | रुङखोला देखी अरङखोला सिंचाई कुलो | सिंचाइ कुलो |
| ५ | भालुखोला दावाङ लिफ्ट सिंचाई | लिफ्ट सिंचाई |
| ६ | ठुलो खोला भञ्ज्याङ खा.पा. | खानेपानी |
| ७ | भञ्ज्याङ रिचार्ज पोखरी | रिचार्ज पोखरी |
| ८ | खुपर्सा खोला कामिचार लिफ्ट रिचार्ज | लिफ्ट रिचार्ज |
| ९ | बाक्सिङ रिचार्ज पोखरी | रिचार्ज पोखरी |
| १० | आमडाडा रिचार्ज पोखरी | रिचार्ज पोखरी |
| ११ | एग्रोभेट भन्ज्याङ छेडा | एग्रोभेट |
| १२ | एग्रोभेट कोचिवाङ | एग्रोभेट |
| १३ | सहकारी भन्ज्याङ छेडा | सहकारी संस्था |
| १४ | बाह्रविसेमा सहकारी | सहकारी संस्था |
| १५ | तरकारी संकलन केन्द्र भन्ज्याङ छेडा | तरकारी संकलन केन्द्र |
| १६ | तरकारी संकलन केन्द्र कोचिवाङ | तरकारी संकलन केन्द्र |
| १७ | तरकारी संकलन  केन्द्र कोचिवाङ | तरकारी संकलन केन्द्र |

स्रोतः क्लस्टर तथा वडा स्तरीय छलफल, २०७५

## ८.२ वडा नं. २ का पकेट क्षत्रे का` विवरण र विश्लेषण

प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिकाको वडा नं. २ को वडा कार्यालय जिपिएसको स्थानमा २८.१३९४७ पूर्वी देशान्तर र ८२.६३०७ उत्तरी अक्षांशसम्म र समुन्द्री सतहबाट १७६२ मीटर माथि अवस्थित छ । क्लष्टर १ बईनेटामा नोसा, बईनेटा र बजामिस रहेको र यस स्थानको विशेषता बलौटे र गिट्टी मिश्रित माटो, ५-५० डिग्री भिरालो, दक्षिणी मोहडामा रहेको र बलौटो माटो, प्रयाप्त घाम र पानी लाग्ने, क्लष्टर २ खालको हाम्जा, मालारानी, धनवाङको विशेषता बलौटे र गिट्टी मिश्रित माटो, ५-५० डिग्री भिरालो, दक्षिणी मोहडामा रहेका, प्रयाप्त घाम पानी लाग्ने रक्लष्टर ३ खालमा लिप्जा, अडेवास, खाल, नयाँगाउँ र जोगिमारा बसोवास क्षेत्रको विशेषता बलौटे माटो, ३-४५ डिग्री भिरालो, दक्षिणी मोहडामा रहेको र घाम पानी राम्ररी लाग्दछ । यस जानकारी लिन प्रत्येक क्लष्टरमा उक्त क्षेत्रका विभिन्न सरोकारवालाहरु जस्तै कृषकहरु, व्यापारीहरु, सामग्री आपूर्तिकर्ताहरु र सरकारी सरोकारवालाहरुसंग लक्षित समूह छलफल गरिएको थियो  तालिका १०वडा नं. २ का क्लष्टरहरुमा उत्पादनहरुको विवरण

| क्लष्टर | उत्पादन (कि.ग्रा/रोपनी) | | | | पशुपान | |
|---|---|---|---|---|---|---|
| | अन्नवाली | फलफूल | तरकारीहरु | गै.का.व.पै. | जीवित बाखाको तौल | भैंसी/गाईको दुध |
| १ | १०७ | ४९३ | १५२१ | २८३ | बाखा- २४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | १०२ | १२५० | १०२१ | ३२५ | | भैसी ३ लिटर |
| ३ | १८३ | ६०० | १५८० | २५० | | |
| प्राथमिकता | मकै गहु र तोरी | सुन्तला कागती र अम्बा | आलु बन्दा काउली काक्रा | टिमुर दालचिनी मौरीको घार | | |

वडा नं. २ को क्लष्टरहरुको तथ्यांकल अन्नबालीको उत्पादन क्विन्टल प्रति रोपनी निक्कै कम रहेको देखाउँछ भने फलफूलको उत्पादन भने राम्रो देखाउँछ जुन ५०० देखि १२०० कि.ग्रा. प्रति रोपनी उत्पादन भएको छ। तरकारी उत्पादन १० देखि १६ क्विन्टल प्रति रोपनी रहेको छ। पशुपालनको अवस्था संतोषजनक नै रहेको छ। यस क्लष्टरहरुमा आलु, काउली र बन्दा नै उपयुक्त र प्रमूख बालीनाली हुन्। प्राथमिकिरण सूचीलाई हेर्दा यस क्लष्टरहरुको पहिलो उत्पादनको क्षेत्र भने गैरकाष्ठ वन पैदावारलाई देखाएपनि उत्पादनको मात्राले यसलाई पुष्टी गर्दैन जुन २ देखि ३ क्विन्टल प्रति रोपनी मात्र गैरकाष्ठ वन पैदावार उत्पादन भईरहेको छ भने यसको तुलनामा तरकारी उत्पादन १० देखि १६ क्विन्टल प्रति रोपनी उत्पादन भएको छ। सिंचाई सुविधा विस्तार भएमा तरकारी खेती लगाउन योग्य १२०० रोपनी मध्ये ३०० रोपनी जग्गामा मात्र हाल तरकारी खेती भईरहेकोले तरकारी खेतीको अत्यधिक सम्भावना देखिन्छ र हाल १७० जना कृषकहरुबाट ९२५ जना सम्भावित कृषकहरु तरकारी खेतीमा संलग्न हुनसक्छन्।

फिल्डबाट संकलित सत्य तथ्यलाई आधार मान्दा नगरपालिकाको वडा नं. २ मा अध्ययन टोलीले तल उल्लेखित उत्पादनहरुको सम्भावना रहेको र उक्त वस्तुहरु लगाउन सिफारिस गर्दछः

तालिका ११स्वर्गद्वारी वडा नं. २ को क्लष्टरहरुको लागि सिफारिस गरिएका क्षेत्रहरु

| क्र.सं. | क्लष्टर | व्यवसायिक पकेट | सिफारिस गर्नुको तर्क |
|---|---|---|---|
| १ | १ बइनेटा | तरकारी खेती | तरकारी खेतीलाई विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको यस क्लष्टरमा हाल १७० जना कृषकहरुबाट ९२५ जनासम्मलाई व्यवसायिक रुपमा संलग्न गराउन सकिने र हाल ३०० रोपनीमा खेती भईरहेकोमा यसलाई १२०० रोपनीसम्म पुऱ्याउन सकिन्छ। यहाँको भुगोलमा प्रशस्त घाम लाग्ने र पानी पर्ने उत्तरी मोहडा भएको सामान्य भिरालो जग्गा र माटो राम्रो भएकोले केही सेवाहरु प्रदान गर्दा तरकारी खेती नै उपयुक्त देखिन्छ।सडक संजाल र बजार नजिक भएकोले उच्च मूल्यका बालीहरुको सम्भावना रहेको छ। |

| | | | |
|---|---|---|---|
| २ | २ खाल | फलफूल खेती | अहिलेको फलफूल उत्पादन १२५० कि.ग्रा. प्रति रोपनी रहेको छ। ८३० मध्ये २०० घरधुरीले व्यवसायिक फलफूल खेती गर्दै आएको र यसलाई २५० बाट ९५० रोपनीसम्म विस्तार गर्न सकिनुका साथै यहाँ प्रशस्त घाम लाग्ने र कम पानी पर्ने दक्षिण पूर्वी मोहडा भएको सामान्य भिरालोमा रहेको छ। मध्य पहाडी भुभाग र तुलनात्मक सुख्खा क्षेत्र भएकोले सुन्तला, कागती, अम्बा जस्ता फलफूल उत्पादनका लागि यो क्षेत्र उत्तम रहेको छ। |
| क्र.सं. | क्लष्टर | व्यवसायिक पकेट | सिफारिस गर्नुको तर्क |
| ३ | ३ खाल | तरकारी खेती | अहिलेको तरकारी उत्पादन १५८० कि.ग्रा. प्रति रोपनी रहेको छ यसमा ९२५ कृषकहरुमध्ये १७० जना रोजगारी गर्दैछन् भने यस क्षेत्रमा १२०० रोपनीसम्म विस्तार गर्न सकिने अवसर रहेको छ। |

तालिका १२ वडा नं २ को लागि कार्ययोजना

| सि नं. | कार्ययोजनाको नाम | कार्यान्वयन आ. व. |
|---|---|---|
| 1 | एग्रोभेट स्थापनामा सहयोग | 2076/77 |
| 2 | कृषि प्रविधि तथा सामाग्री खरिदमा ५० प्रतिशत अनुदान | 2076/78 |
| 3 | कृषकलाई क्षमता अविबृद्धि तालिम | 2076/78 |
| 4 | कृषकलाई क्षमता अभिबृद्धि तथा उत्पादन पश्चातको व्यवस्थापन post-harvest सम्वन्धि तालिम प्रदान | 2076 |
| 5 | माटो परिक्षण, कम्पोष्ट मल बनाउने तालिम, कृषक पाठशाला सञ्चालन | 2076/78 |
| 6 | एकिकृत शत्रुजीव व्यवस्थापन तालिम, वालि शिविर सञ्चालन | 2077 |
| 7 | विउ, मल, विषादी तथा अन्य कृषि सामाग्री खरिदमा अनुदान, सिकाई आदान प्रदान भ्रमण | 2076/2077 |
| 8 | कृषि वाली क्षतिगर्ने वन्यजन्तु व्यवस्थापन गर्ने | 2076 |
| 9 | वालिको नस्ल सुधार, बहुउद्देश्यीय नर्सरीको स्थापनामा सहयोग, गुणस्तरीय वीउ तथा विरुवा उपलव्धतामा अनुदानको व्यवस्था | 2076 |
| 10 | विषदीको सुरक्षित प्रयोगमा क्षमता विकास तालिम प्रदान | 2077 |
| 11 | व्यवसायिक योजना निर्माण तालिम, कृषक वित्तीय शिक्षा कक्षा सञ्चालन | 2077 |
| 12 | मौरी घार खरिदमा अनुदानको व्यवस्था गर्ने | 2077/78 |
| 13 | व्यवसायिक योजना निर्माण, कृषि सम्वन्धि तालिम | 2077 |

| | | |
|---|---|---|
| 14 | पशु विकास सम्वन्धि क्षमता विकास तालिम | 2076 |
| 15 | पशु पालनकोलागी घाँसको व्यवस्थापन तालिम तथा बशसउद्देश्यीय नर्सरी व्यवस्थापन तालिम | 2077 |
| 16 | पशुकोलागी खनिज ढिका निर्माण तालिम तथा प्रदर्शन | 2076 |
| 17 | सुधारिएको गोठ, खोर सुधार तालिम तथा ५० प्रतिशत अनुदानको व्यवस्था | 2076/78 |
| 18 | व्यवसायिकोजना निर्माण तालिम | 2076/78 |
| 19 | दुध संकलन डिपो स्थापना तथा सञ्चालन | 2077 |
| सि नं. | कार्ययोजनाको नाम | कार्यान्वयन आ. व. |
| 20 | तरकारी संकलन केन्द्र तथा बजार व्यवस्थापन समिति गठन तथा परिचालन | 2076/77/81 |
| 21 | बजार संग सम्वन्धित सरोकारवाला निकायवीच समन्वयात्मक वैठक | 2076/79 |
| 22 | कृषि रोड निर्माण तथा स्तरोन्नती | 2076/79 |
| 23 | सुलभ व्याजमा ऋण प्रवाहको व्यवस्था, सहकारीलाई सहयोग | 2077/78 |
| 24 | सिँचाइ कुलो, पोखरी, पाइपलाइन, लिफ्ट सिँचाइ निर्माण तथा पुनर्निर्माण | 2076/77/78/79 |
| 25 | वाली तथा पशु विमाको व्यवस्था गर्ने | 2076/77 |

स्रोतः क्लस्टर तथा वडा स्तरीय छलफल, २०७५

तालिका १०वडा नं २ का` सिचाईको लागि कार्ययाजे ना

| सि.न. | विवरण | योजनाको किसिम |
|---|---|---|
| 1 | गजेनी कुलो नयाँगाउ | सिँचाई कुलो |
| 2 | नोस खोला नयाँगाउ सिँचाई कुलो | सिँचाई कुलो |
| 3 | सिजरी खोला नयाँगाउ सिँचाई कुलो | सिँचाई कुलो |
| 4 | प्लाष्टिक पोखरी जोगिमारा | प्लाष्टिक पोखरी |
| 5 | प्लाष्टिक पोखरी खाला सिमडाडा | प्लाष्टिक पोखरी |
| 6 | प्लाष्टिक पोखरी खाल फल्लेचौर | प्लाष्टिक पोखरी |
| 7 | प्लाष्टिक पोखरी मनुखोला नोस | प्लाष्टिक पोखरी |
| 8 | प्लाष्टिक पोखरी गर्कुडाडा | प्लाष्टिक पोखरी |
| 9 | प्लाष्टिक पोखरी दाईया | प्लाष्टिक पोखरी |
| 10 | प्लाष्टिक पोखरी बाजम | प्लाष्टिक पोखरी |
| 11 | हरुवाखोला वाहुन टोल सिचाई आयोजना | सिँचाई आयोजना |
| 12 | सिमखोला मुख्यटो सिंचाई आयोजना | सिँचाई आयोजना |

| | | |
|---|---|---|
| 13 | मालारानी सिंचाई पोखरी | सिँचाई पोखरी |
| 14 | सिरुवारी सिंचाई पोखरी | सिँचाई पोखरी |
| 15 | वलीधारा सिंचाई पोखरी | सिँचाई पोखरी |
| 16 | हाम्जा सिंचाई पोखरी | सिँचाई पोखरी |
| 17 | सल्ले सिंचाई पोखरी | सिँचाई पोखरी |
| 18 | सुकिडाडा सिंचाई पोखरी | सिँचाई पोखरी |
| 19 | दहवन  सिंचाई पोखरी | सिँचाई पोखरी |
| 20 | धनवाङ सिंचाई पोखरी | सिँचाई पोखरी |
| 21 | संकलन केन्द्र डिपो वाङ्गेसल्ला | संकलन केन्द्र |
| 22 | गजेनी कुलो नयाँगाउ | सिँचाई पोखरी |

स्रोतः क्लस्टर तथा वडा स्तरीय छलफल, २०७५

## ८.३ वडा नं. ३ कापकेट क्षेत्रे का ेविवरण र विश्लेषण

प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिकाको वडा नं. ३ को वडा कार्यालय जिपिएसको स्थानमा २८.१५०५७ पूर्वी देशान्तर र ८२.७१०८७ उत्तरी अक्षांशसम्म र समुन्द्री सतहबाट ६२८ मीटर माथि अवस्थित छ । क्लष्टर १ नेवारेमा नेवारे, डाँडाखर्क रहेको र यस स्थानको विशेषता बलौटे माटो, पूर्वी उत्तर मोहडामा रहेको, प्रयाप्त घाम लाग्ने र वर्षा कम हुने, ४-२० डिग्री भिरालो, क्लष्टर २ जलुकेमा सोडा, जरीखोला, रोकायाटोल, स्यामुरे, टाकुरा, किमीचौर रहेको जसको विशेषता बलौटे र गिट्टी मिश्रित माटो, ५-५० डिग्री भिरालो, दक्षिणी मोहडामा रहेका, प्रयाप्त घाम पानी लाग्ने रक्लष्टर ३ खालमा लिप्जा, अडेवास, खाल, नयाँगाउँ र जोगिमारा बसोवास क्षेत्रको विशेषता २-३५ डिग्री भिरालो, पूर्वी उत्तर मोहडामा रहेको, बलौटे माटो, कम वर्षा हुने र प्रयाप्त घाम लाग्ने ठाउँ हो ।

सूचना तथा जानकारी लिन प्रत्येक क्लष्टरमा उक्त क्षेत्रका विभिन्न सरोकारवालाहरु जस्तै कृषकहरु, व्यापारीहरु, सामग्री आपूर्तिकर्ता र सरकारी सरोकारवालाहरुसंग लक्षित समूह छलफल गरिएको थियो ।

तालिका १३वडा नं. ३ क्लष्टरहरुमा उत्पादनहरुको विवरण

| क्लष्टर | उत्पादन (कि.ग्रा/रोपनी) | | | | पशुपालन | |
|---|---|---|---|---|---|---|
| | अन्नवाली | फलफूल | तरकारीहरु | गै.का.व.पै. | जीवित बाखाको तौल | भैंसी/गाईको दुध |
| १ | १७३ | ३४४ | ३९० | ४२५ | बाखा-२२.५ | |
| २ | १७४ | १४३३ | ४०२ | १०४३ | | भैसी-२.७५ लि |
| प्राथमिकता | मकै गहु र धान | सुन्तला कागती र एभोकाडो | आलु काउली बन्दा प्याज | अम्रीसो, चिउरी टिमुर | | |

वडा नं. ३ को क्लष्टरहरुको तथ्यांकल अन्नबालीको उत्पादन क्विन्टल प्रति रोपनी दुईवटा क्लष्टरहरुमा निकै कम रहेको देखाउँछ भने फलफूलको उत्पादन भने राम्रो देखाउँछ जुन ३०० देखि १४०० कि.ग्रा. प्रति रोपनी उत्पादन भएको छ भने यसमा सुन्तला २०० कि.ग्रा. प्रति रोपनीले योगदान गरेको छ। तरकारी उत्पादन ४ क्विन्टल प्रति रोपनी रहेको छ। गैरकाष्ठ वन पैदावरको उत्पादन राम्रो रहेको छ भने क्लष्टर २ मा अम्लिसो २५०० कि.ग्रा.प्रति रोपनी उत्पादन हुन्छ। पशुपालनको अवस्था संतोषजनक नै रहेको छ। यस क्लष्टरहरुमा फलफूल र गैरकाष्ठ वन पैदावार जसमा सुन्तला र अम्लिसो उपयुक्त उत्पादन रहेको छ। प्राथमिकिरण सूचीलाई हेर्दा यस क्लष्टरहरुको पहिलो उत्पादनको क्षेत्र भने तरकारीलाई देखाएपनि उत्पादनको मात्राले यसलाई पुष्टी गर्दैन जुन ४ क्विन्टल प्रति रोपनी मात्र रहकेको छ भने यसको तुलनामा गैरकाष्ठ वन पैदावारको उत्पादन १० देखि २५ क्विन्टल प्रति रोपनी उत्पादन भईरहेको देखाउँछ। फलफूल र गैरकाष्ठ वन पैदावारको उत्पादन अधिक भएपनि मात्र ४० जना कृषकहरुले १०० रोपनीमा व्यवसायिक फलफूल खेती र मात्र २ जना कृषकहरु व्यवसायिक गैरकाष्ठ वन पैदावार उत्पादनमा संलग्न रहेका छन्। बैदेशिक रोजगारबाट

ट क्षेत्र

आउने पैसा नै आर्थिक आधार भएकोले तरकारी उत्पादनको क्षेत्र एक महत्वपूर्ण क्षेत्र भने रहेको छ । यसका लागि ११२० रोपनी मध्ये ५०० रोपनीमा मात्र खेती भईरहेकोले कृषकहरुलाई यसमा लगाउन सकिने प्रयाप्त अवसर रहेको छ ।

फिल्डबाट संकलित सत्य तथ्यलाई आधार मान्दा नगरपालिकाको वडा नं. ३ मा अध्ययन टोलीले तल उल्लेखित उत्पादनहरुको सम्भावना रहेको र उक्त वस्तुहरु लगाउन सिफारिस गर्दछः

तालिका १४स्वर्गद्वारी वडा नं. ३ को क्लष्टरहरुको लागि सिफारिस गरिएका क्षेत्रहरु

| क्र.सं. | क्लष्टर | व्यवसायिक पकेट | सिफारिस गर्नुको तर्क |
|---|---|---|---|
| १ | १ नेवारे | तरकारी खेती | तरकारी खेतीलाई विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको यस क्लष्टरमा हाल १६० जना कृषकहरुबाट ११२० जनासम्मलाई व्यवसायिक रुपमा संलग्न गराउन सकिने र हाल ६० रोपनीमा खेती भईरहेकोमा यसलाई ११२० रोपनीसम्म पुऱ्याउन सकिन्छ । यहाँको भुगोलमा प्रशस्त घाम लाग्ने र पानी पर्ने उत्तरी मोहडा भएको सामान्य भिरालो जग्गा र माटो राम्रो भएकोले केही सेवाहरु प्रदान गर्दा तरकारी खेती नै उपयुक्त देखिन्छ । सडक संजाल र बजार नजिक भएकोले उच्च मूल्यका बालीहरुको सम्भावना रहेको छ । |
| २ | २ जलुके | तरकारी खेती | अहिले बजारमा बढी बिक्री गर्ने वस्तुहरुमा प्याज, गोलभेडा र तिते करैला रहेको छ र यसले राम्रो आम्दानी दिएको छ । यहाँको वातावरण र अन्य आवश्यक अवस्था उपयुक्त भएकोले तरकारीको लागि सिफारिस गरिन्छ । |

तालिका १५ वडा नं १ को लागि
कार्ययोजना

| सि नं. | कार्ययोजनाको नाम | कार्यान्वयन आ. व. |
|---|---|---|
| 1 | एग्रोभेट संस्थागत गर्न सहयोग | 2077/78 |
| 2 | कृषि सामाग्री खरिदमा ५० प्रतिशत अनुदानको व्यवस्था | 2076/79 |
| 3 | पशुपालन विषयमा क्षमता विकास तालिम | 2076/77 |
| 4 | माटो परिक्षण, कम्पोष्ट मल बनाउने तालिम, कृषक पाठशाला सञ्चालन | 2076/77/78 |
| 5 | कृषकलाई क्षमता अभिबृद्धि तथा उत्पादन पश्चातको व्यवस्थापन postharvest सम्वन्धि तालिम प्रदान | 2076/77 |
| 6 | विउ, मल, विषादी तथा अन्य कृषि सामाग्री खरिदमा अनुदान, सिकाई आदान प्रदान भ्रमण | 2076/2078 |
| 7 | एकिकृत शत्रुजिव व्यवस्थापन तालिम, बालि शिविर सञ्चालन | 2077 |

| सि नं. | कार्ययोजनाको नाम | कार्यान्वयन आ. व. |
| --- | --- | --- |
| 8 | जंगली जनावर व्यवस्थापन गर्ने | 2076 |
| 9 | वालिको नस्ल सुधार, बहुउद्देश्यीय नर्सरीको स्थापनामा सहयोग, गुणस्तरीय वीउ तथा विरुवा उपलव्धतामा अनुदानको व्यवस्था | 2076 |
| 10 | विषादीको सुरक्षित प्रयोगको क्षमता विकास तालिम | 2077 |
| 11 | कृषि आधुनिक प्रविधि (प्लाष्टिक टनेल, थोपा सिँचाई, फिरफिरे, स्प्रिङकलर) सुधारिएको विउको प्रयोग, सुख्खा सहने वालीको प्रयोग | 2077 |
| 12 | व्यवसायिक योजना निर्माण तालिम, कृषि खेती तालिम तथा कक्षा सञ्चालन | 2077 |
| 13 | मैरी घार खरिदमा अनुदानको व्यवस्था | 2077/78 |
| 14 | पशुपालक कृषकलाई क्षमता विकास तालिम | 2076 |
| 15 | पशु पालनकोलागी घाँसको व्यवस्थापन तालिम तथा बहुउद्देश्यीय नर्सरी व्यवस्थापन तालिम | 2077 |
| 16 | पशुकोलागी खनिज ढिका निर्माण तालिम तथा प्रदर्शन | 2076 |
| 17 | सुधारिएको गोठ, खोर सुधार तालिम तथा ५० प्रतिशत अनुदानको व्यवस्था | 2076/79 |
| 18 | व्यवसायिक योजना निर्माण तालिम | 2076/79 |
| 19 | दुध संकलन डिपो स्थापना तथा सञ्चालन | 2077 |
| 20 | तरकारी संकलन केन्द्र तथा डिपो स्थापना तथा सञ्चालन | 2076/77/82 |
| 21 | सिँचाइ कुलो, पोखरी, पाइपलाइन विस्तार, लिफ्ट सिँचाइ निर्माण तथा पुनर्निर्माण | 2077/78/80 |
| 22 | कृषि रोड निर्माण तथा विस्तार | 2076/79 |
| 23 | वालि तथा पशु विमा को व्यवस्था गर्ने | 2076/78 |
| 24 | बजार व्यवस्थापनसंग सम्वन्धित विभिन्न सरोकारवाला निकायवीच समन्वयात्मक वैठक | 2076/79 |
| 25 | सुलभ व्याजमा ऋणको व्यवस्था तथा स्थानीय सहकारीलाई संस्थागत सहयोग | 2076/78 |

स्रोतः क्लस्टर तथा वडा स्तरीय छलफल, २०७५

तालिका १६ वडा नं ३ का` सिंचाईका` लागि कार्ययाजे ना

| सि नं. | योजनाको नाम | योजनाको किसिम |
|---|---|---|
| 1 | धनवाङ ठुलो कुला | सिँचाई योजना |
| 2 | घोरेखोला कुलो | सिँचाई योजना |
| 3 | जरिखोला कुलो | सिँचाई योजना |
| 4 | उड्के कुला | सिँचाई योजना |
| 5 | माडी देखी पलाङखेत लिफ्ट सिँचाइ | लिफ्ट सिँचाई योजना |
| 6 | माडी देखी किमिचौर लिफ्ट सिँचाइ | लिफ्ट सिँचाई योजना |
| 7 | बटाले वाह्रविसे लिफ्ट सिँचाइ योजना | लिफ्ट सिँचाई योजना |
| 8 | सिँचाइ पोखरी बाख्रा फर्म नजिक | सिँचाई पोखरी |
| 9 | गाम्धारामा सिँचाई पोखरी निर्माण | सिँचाई पोखरी |
| 10 | नेवारेमा सिँचाई पोखरी निर्माण | सिँचाई पोखरी |
| 11 | किरधारामा सिँचाई पोखरी निर्माण | सिँचाई पोखरी |
| 12 | खेलाखर्कमा सिँचाई पोखरी निर्माण | सिँचाई पोखरी |
| 13 | धनचौरमा सिँचाई पोखरी निर्माण | सिँचाई पोखरी |

स्रोतः क्लस्टर तथा वडा स्तरीय छलफल, २०७५

## ८.४ वडा नं. ४ का पकेट क्षत्रे को विवरण र विश्लेषण

प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिकाको वडा नं. ४ को वडा कार्यालय जिपिएसको स्थानमा २८.११२९६ पूर्वी देशान्तर र ८२.७३८६२ उत्तरी अक्षांशसम्म र समुन्द्री सतहबाट ६५८ मीटरमा अवस्थित यस वडाका बस्तीहरु बाजीपुर, सातमुडे, जिमुरपाटा, गोठीबाङ हुन् । क्लष्टर १ बाजीपुरको विशेषता दक्षिणपूर्वी मोहडामा रहेका, २-२५ डिग्री भिरालो, बलौटे र हिले माटो, प्रयाप्त घाम लाग्ने ठाउँ हो ।

सूचना तथा जानकारी लिन प्रत्येक क्लष्टरमा उक्त क्षेत्रका विभिन्न सरोकारवालाहरु जस्तै कृषकहरु, व्यापारीहरु, सामग्री आपूर्तिकर्ता र सरकारी सरोकारवालाहरुसंग लक्षित समूह छलफल गरिएको थियो ।

तालिका १७वडा नं. ४ का क्लष्टरहरुमा उत्पादनहरुको विवरण

| क्लष्टर | उत्पादन (कि.ग्रा/रोपनी) | | | | पशुपालन | |
|---|---|---|---|---|---|---|
| | अन्नवाली | फलफूल | तरकारीहरु | गै.का.व.पै. | जीवित बाखाको तौल | भैंसी/गाईको दुध |
| १ | १५६ | ३९५ | २५०० | ७५० | बाखा-२४ | |
| २ | १०१ | १३६७ | १६०० | २५० | | भैसी-२.२५ लि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राथमिकता | मकै, गहुँ र धान | सुन्तला कागती र आँप | आलु गोलभेडा काउली बन्दा | टिमुर दालचिनी अम्लिसो | | |

वडा नं. ४ को क्लष्टरहरुको तथ्यांकल अन्नबालीको उत्पादन क्विन्टल प्रति रोपनी निक्कै कम रहेको देखाउँछ। तरकारी उत्पादन ४ देखि १३ क्विन्टल प्रति रोपनी रहेको छ। पशुपालनको अवस्था संतोषजनक नै रहेको छ। यस क्लष्टरहरुमा तरकारी उपयुक्त उत्पादनको रुपमा रहेको छ जसमा आलु, गोलभेडा, काउली, बन्दा रहेका छन्। प्राथमिकिरण सूचीलाई हेर्दा यस क्लष्टरहरुको पहिलो उत्पादनको क्षेत्र भने तरकारीलाई देखाएपनि ८५० मध्ये २५ कृषकहरुले मात्र व्यवसायिक खेती गर्दै आएका छन् भने कूल १००० रोपनी जग्गा तरकारी खेती गर्न योग्य मध्ये अहिले २५० रोपनीमा मात्र खेती भईरहेकोले बाँकी जग्गामा खेती विस्तार गर्ने अवसर छ। बैदेशिक रोजगारबाट आउने पैसा नै आर्थिक आधार भएकोले तरकारी उत्पादनको क्षेत्र एक महत्वपूर्ण क्षेत्र रहेको छ। फिल्डबाट संकलित सत्य तथ्यलाई आधार मान्दा नगरपालिकाको वडा नं. ४ मा अध्ययन टोलीले तल उल्लेखित उत्पादनहरुको सम्भावना रहेको र उक्त वस्तुहरु लगाउन सिफारिस गर्दछ:

तालिका १८स्वर्गद्वारी वडा नं. ४को क्लष्टरहरुको लागि सिफारिस गरिएका क्षेत्रहरु

| क.सं. | क्लष्टर | व्यवसायिक पकेट | सिफारिस गर्नुको तर्क |
|---|---|---|---|
| १ | १ बाजीपुर | तरकारी खेती | तरकारी खेतीलाई विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको यस क्लष्टरमा हाल २५ जना कृषकहरुबाट ८५० जनासम्मलाई व्यवसायिक रुपमा संलग्न गराउन सकिने र ११२० रोपनीसम्म विस्तार गर्न सकिन्छ। यहाँको भुगोलमा प्रशस्त घाम लाग्ने र पानी पर्ने उत्तरी मोहडा भएको सामान्य भिरालो जग्गा र रातो रंगको बलौटे हिलो दोमट माटो रहेको छ। सडक संजाल र बजार नजिक भएकोले उच्च मूल्यका बालीहरुको सम्भावना रहेको छ। |
| २ | २ भिङ्ग्रीकोट | तरकारी खेती | थोरै कृषकहरु मात्र तरकारी खेतीमा संलग्न भएपनि यसको क्षेत्र र कृषकहरु व्यवसायिकतामा जाने चाहना भएकोले विस्तार गर्ने सम्भावना छ। प्रशस्त घाम लाग्ने र थोरै पानी पर्ने दक्षिण पूर्वी मोहडा भएको सामान्य भिरालो जग्गा रहेको छ। |

तालिका १९ वडा नं ४ को लागि कार्ययोजना

| सि नं. | कार्ययोजनाको नाम | कार्यान्वयन आ. व. |
|---|---|---|
| 1 | एग्रोभेट स्थापना तथा संस्थागतमा सहयोग | 2077/78 |
| 2 | कृषि सामाग्री खरिदमा ५० प्रतिशत अनुदानको व्यवस्था | 2076/79 |
| 3 | कृषकलाई क्षमता अभिबृद्धि तालिम प्रदान | 2076/77 |
| 4 | कृषकलाई क्षमता अविबृद्धि तथा उत्पादन पश्चातको व्यवस्थापन post-harvest सम्वन्धि तालिम प्रदान | 2076 |

| | | |
|---|---|---|
| 5 | एकिकृत शत्रु जीव व्यवस्थापन तालिम तथा सिकाई केन्द्र स्थापना, तथा पशु शिविर सञ्चालन | 2077/78 |
| 6 | माटो परिक्षण, कम्पोष्ट मल निर्माण सम्वन्धि क्षमता विकास तालिम | 2076/77/78 |
| 7 | मलखाद विउ र अन्य आवश्यक सामाग्री खरिदमा अनुदान तथा कृषकलाई सिकाइ आदान प्रदान भ्रमण | 2076/2078 |

| सि नं. | कार्ययोजनाको नाम | कार्यान्वियन आ. व. |
|---|---|---|
| 8 | वालि क्षति गर्ने वन्यजन्तुको व्यवस्थापन | 2076 |
| 9 | वालिको नस्ल सुधार, बहुउद्देश्यीय नर्सरीको स्थापनामा सहयोग, गुणस्तरीय वीउ तथा विरुवा उपलब्धतामा अनुदानको व्यवस्था | 2076 |
| 10 | विषदीको सुरक्षित प्रयोगमा क्षमता विकास तालिम प्रदान | 2077 |
| 11 | कृषि आधुनिक प्रविधि (प्लाष्टिक टनेल, थोपा सिँचाई, फिरफिरे, स्प्रिङकलर) सुधारिएको विउको प्रयोग, सुख्खा सहने वालीको प्रयोग | 2077 |
| 12 | व्यवसायिक योजना निर्माण तालिम, कृषक वित्तीय शिक्षा कक्षा सञ्चालन | 2077 |
| 13 | मौरी घार खरिदमा अनुदान | 2077/78 |
| 14 | पशुपालन व्यवसायी कृषकलाई क्षमता विकास तालिम प्रदान | 2076 |
| 15 | डाले घाँस तथा अन्य घाँसको व्यवस्थापनको लागी बहुउद्देश्यीय नर्सरीको व्यवस्थापन | 2076/77 |
| 16 | पशुपालक कृषकलाई खनिज ढिका बनाउने क्षमता विकास तालिम | 2076 |
| 17 | व्यवसायिक योजना निर्माण तालिम | 2076/79 |
| 18 | तरकारी संकलन केन्द्र तथा संकलन डिपोको व्यवस्थापन | 2076/77/83 |
| 19 | बजारसंग सम्वन्धित विभिन्न सरोकारवाला निकायवीच समन्वयात्मक वैठक | 2076/79 |
| 20 | दुध संकलन डिपोको स्थापनामा सहयोग | 2077 |
| 21 | पशु विमाको व्यवस्था गर्ने | 2076/77/78 |
| 22 | सिँचाइ कुलो, पोखरी, पाइपलाइन, लिफ्ट सिँचाइ निर्माण तथा पुनर्निर्माण | 2077/78/81 |
| 23 | सुधारिएको गोठ, खोर सुधार तालिम तथा ५० प्रतिशत अनुदानको व्यवस्था | 2076/79 |
| 24 | कृषि रोड निर्माण तथा स्तरोन्नती | 2076/79 |
| 25 | सुलभ व्याजमा ऋण प्रवाहको व्यवस्था, सहकारीलाई सहयोग | 2076/79 |

स्रोतः क्लस्टर तथा वडा स्तरीय छलफल, २०७५

तालिका २० वडा नं ४ को सिचाईको लागि कार्ययोजना

| सि.न. | विवरण | योजनाको किसिम |
|---|---|---|
| 1 | घण्टीखोला बाझीपुर दमार कुलो | सिँचाई कुलो |
| 2 | घण्टीखोला गोठीवाङ तल्लो कुलो | सिँचाई कुलो |
| 3 | घण्टीखोला गोठीवाङ उपल्लो कुलो | सिँचाई कुलो |
| 4 | कागपाते गोठीवाङ सिंचाई कुलो | सिँचाई कुलो |

| | | |
|---|---|---|
| 5 | सिंचाई पोखरी जारिखोला | सिँचाई पोखरी |
| 6 | जारी खोला भिंग्री कुलो | सिँचाई कुलो |
| 7 | निगाली विसौना सिंचाई पोखरी | सिँचाई पोखरी |
| 8 | बाफ्पोखरी सिंचाई कुलो | सिँचाई कुलो |
| 9 | खत्रीटोल सिंचाई पोखरी | सिँचाई पोखरी |
| 10 | घोप्टे भित्रीकोट लिफ्ट सिंचाई | लिफ्ट सिँचाई योजना |
| 11 | पोखरी चौर सिंचाई पोखरी | सिँचाई पोखरी |
| 12 | घडेरी डाडा सिंचाई पोखरी | सिँचाई पोखरी |
| 13 | माडि बाफ्पिुर लिफ्ट सिंचाई योजना | लिफ्ट सिँचाई योजना |
| 14 | पाँच पोखरी सिँचाई पोखरी निर्माण योजना | सिँचाई पोखरी |
| 15 | कोट सिँचाई पोखरी निर्माण योजना | सिँचाई पोखरी |
| 16 | दाती सिँचाई पोखरी निर्माण योजना | सिँचाई पोखरी |
| 17 | बाँफ्पिुर सिँचाई पोखरी निर्माण | सिँचाई पोखरी |
| 18 | पाँच पोखरी पुनर्निर्माण योजना | सिँचाई पोखरी |
| 19 | माडीखोला भिंगृ लिफ्ट सिँचाई योजना | |

स्रोतः क्लस्टर तथा वडा स्तरीय छलफल, २०७५

## ८.५ वडा नं. ५ का पकेट क्षत्रे को विवरण र विश्लेषण

प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिकाको वडा नं. ५ को वडा कार्यालय जिपिएसको स्थानमा २८.१८३६ पूर्वी देशान्तर र ८२.७००२६ उत्तरी अक्षांशसम्म र समुन्द्री सतहबाट ७४१ मीटर माथि अवस्थित छ । डाँफेधारा र डाँडागाउँ समेटिएको क्लष्टर १ को विशेषतामा १५-४५ डिग्री भिरालो, उत्तरपश्चिम मोहडामा रहेका, बलौटे र गिट्टी मिश्रित कालो माटो, पानी भएको क्लष्टर २ सारी क्षेत्रको तल्लो सारी र उपल्लो सारीको विशेषतामा ५-३५ डिग्री भिरालो, उत्तरपूर्व र दक्षिणपश्चिम मोहडामा रहेका, दोमटे माटो र कहिकहि हिलेमाटो, औषत वर्षा हुन र क्लष्टर ३ मा समेटिएको भोला, गयाँखर्क, सिस्नेरी, सान्नीलेख, साउँनेपानी क्षेत्र मध्यम भिरालो, दक्षिणी मोहडा, घाम र पानी प्रशस्त आउने, बलौटे र कतै हिले माटो पाईन्छ ।

सूचना तथा जानकारी लिन प्रत्येक क्लष्टरमा उक्त क्षेत्रका विभिन्न सरोकारवालाहरु जस्तै कृषकहरु, व्यापारीहरु, सामग्री आपूर्तिकर्ता र सरकारी सरोकारवालाहरुसंग लक्षित समूह छलफल गरिएको थियो ।

तालिका २१वडा नं.५का क्लष्टरहरुमा उत्पादनहरुको विवरण

| क्लष्टर | उत्पादन (कि.ग्रा/रोपना) | | | | पशुपालन | |
|---|---|---|---|---|---|---|
| | अन्नवाली | फलफूल | तरकारीहरु | गै.का.व.पै. | जीवित बाखाको तौल | भैंसी/गाईको दुध |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | १३० | १०६६ | १२७० | २५० | बाख्रा- २६.३ | |
| २ | १४१ | ३९३ | १२८० | ४२५ | | भैसी- २.९ लि |

ट क्षेत्र

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १६३ | ६९३ | १२०० | ३२५ | | |
| प्राथमिकता | मकै, चामल र गहुँ | नासपाति, कागती र अम्बा | आलु गोलभेडा बन्दा काउली | टिमुर दालचिनी चिउरी | | |

वडा नं. ५ को क्लष्टरहरुको तथ्यांकल अन्नबालीको उत्पादन क्विन्टल प्रति रोपनी निक्कै कम रहेको जस्मा १.५ क्विन्टल प्रति रोपनी पाईयो भने फलफूलको उत्पादन भने राम्रो छ जुन ४०० देखि ११०० कि.ग्रा. प्रति रोपनी उत्पादन भएको देखिन्छ । तरकारी उत्पादन राम्रै रहेको जुन १२ क्विन्टल प्रति रोपनी रहेको छ । गैरकाष्ठ वन पैदावार र पशुपालनको अवस्था सामान्य नै रहेको छ । यस क्लष्टरहरुमा तरकारी उपयुक्त उत्पादनको रुपमा रहेको छ जसमा आलु, गोलभेडा, काउली र बन्दा रहेका छन् । ९५० जना कृषकहरु मध्ये व्यवसायिक तरकारी उत्पादन मात्र ३० जना कृषकहरु संलग्न रहेको र कूल १८०० रोपनी जग्गा तरकारी खेती गर्न योग्य मध्ये अहिले २४० रोपनीमा मात्र खेती भईरहेकोले बाँकी जग्गामा खेती विस्तार गर्ने अवसर छ । फिल्डबाट संकलित सत्य तथ्यलाई आधार मान्दा नगरपालिकाको वडा नं. ५ मा अध्ययन टोलीले तल उल्लेखित उत्पादनहरुको सम्भावना रहेको र उक्त वस्तुहरु लगाउन सिफारिस गर्दछः

तालिका २२स्वर्गद्वारी वडा नं. ५को क्लष्टरहरुको लागि सिफारिस गरिएका क्षेत्रहरु

| क्र.सं. | क्लष्टर | व्यवसायिक पकेट | सिफारिस गर्नुको तर्क |
|---|---|---|---|
| १ | १ धापेधारा | तरकारी खेती | तरकारी खेतीलाई विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको यस क्लष्टरमा हाल ३० जना कृषकहरुबाट ९५० जनासम्मलाई व्यवसायिक रुपमा संलग्न गराउन सकिने र हाल २४० रोपनीमा खेती भईरहेकोमा यसलाई १८०० रोपनीसम्म पुऱ्याउन सकिन्छ । यहाँको भुगोलमा प्रशस्त घाम लाग्ने र पानी पर्ने उत्तरी मोहडा भएको सामान्य भिरालो जग्गा र माटो राम्रो भएकोले केही सेवाहरु प्रदान गर्दा तरकारी खेती नै उपयुक्त देखिन्छ। सडक संजाल र बजार नजिक भएकोले उच्च मूल्यका बालीहरुको सम्भावना रहेको छ । |
| २ | २ सारी | पशुपालन | यस पकेटमा प्राथमिकतामा पर्ने साना पशुपालन हो जुन मासु र दुध उत्पादनका लागि उपयुक्त छ । यहाँको भुवनोट दक्षिणपश्चिम मोहडामा रहेको र तुलनात्मक सुख्खा क्षेत्र भएकोले पशुपालन प्रवर्द्धनको लागि उपयुक्त छ । |
| ३ | ३ झोला | तरकारी खेती | अहिलेको तरकारी उत्पादन १२०० कि.ग्राा. प्रति रोपनी रहेको छ |

| क्र.सं. | क्लष्टर | व्यवसायिक पकेट | सिफारिस गर्नुको तर्क |
|---|---|---|---|
| | | | यसमा १८० कृषकहरुमध्ये ५० जना रोजगारी गर्दैछन् भने यस क्षेत्रमा १२०० रोपनीसम्म विस्तार गर्न सकिने अवसर रहेको छ। |

तालिका १३ : वडा नं ५ को लागि कार्ययाजे ना

| सि नं. | कार्य योजनाको नाम | कार्यान्वयन आ. व. |
|---|---|---|
| 1 | एग्रोभेट स्थापना तथा व्यवस्थापन | 2077/78 |
| 2 | अनुदानमा कृषि प्रविधिको व्यवस्थापन | 2076/79 |
| 3 | कृषि तथा पशुपालन विषयमा क्षमता विकास तालिम | 2076/77/78 |
| 4 | कृषकहरुलाई कृषि उत्पादन तथा संकलन र बजारीकरण विषयमा क्षमता विकास तालिम | 2076 |
| 5 | एकिकृत शत्रुजिव व्यवस्थापन (IPM) तालिम, IPM सिकाइ केन्द्र व्यवस्थापन, वाली उपचार शिविर | 2077/78 |
| 6 | माटो परिक्षण कार्यक्रम, बैज्ञानिक कृषक सिकाइ केन्द्र, प्राङगारिक मल निर्माण तालिम | 2076/79 |
| 7 | कृषकलाई वीउ, मल र अन्य सामाग्री प्रदान। कृषकलाई सिकाइ आदान प्रदान भ्रमाण | 2076/2078 |
| 8 | मिचाहा प्रजातिको झार नियन्त्रण तथा व्यवस्थापन | 2076 |
| 9 | बहु उद्देशीय नर्सरी स्थापना सहयोग, गुणस्तरीय वीउमा अनुदानको व्यवस्था | 2076 |
| 10 | विषादिको सुरक्षित प्रयोगमा क्षमता विकास तालिम | 2077 |
| 11 | तरकारी उत्पादकलाई प्लाष्टिक टनेल सहयोग, सुख्खा सहने वालिको व्यवस्थापन | 2077 |
| 12 | व्यसायिक योजना निर्माण तालिम, कृषकलाई वित्तिय कृषक पाठशाला सञ्चालन | 2077 |
| 13 | मौरी घार किन्नकोलागी अनुदानको व्यवस्था | 2077/78 |
| 14 | पशुपालन व्यवस्थापन सम्वन्धि क्षमता विकास तालिम | 2076 |
| 15 | खनिज ढिका निर्माण क्षमता विकास तालिम तथा प्रदर्शनीको व्यवस्थापन | 2076 |
| 16 | सुधारिएको खोर तथा सुधारिएको वीउ बोका खरिदमा अनुदानको व्यवस्था | 2076/79 |
| 17 | दुध संकलन डिपो व्यवस्थापन सहयोग | 2077 |

| | | |
|---|---|---|
| 18 | कृषि उपज संकलन केन्द्र निर्माण | 2076/77/84 |
| 19 | उत्पादनको बजारीकरणकालागी सरोकारवाला निकायवीच | 2076/79 |

ट क्षत्रे

| सि नं. | कार्य योजनाको नाम | कार्यान्वयन आ. व. |
|---|---|---|
| | समन्वयात्मक वैठक सञ्चालन | |
| 20 | कृषि रोड निर्माण तथा विस्तार | 2076/79 |
| 21 | कृषि तथा पशु विमाको व्यवस्था | 2076/77/78 |
| 22 | सहकारी प्रवर्धन सहयोग तथा कृषकलाई सहुलियत ऋण प्रदानको व्यवस्था | 2076/79 |
| 23 | सिँचाइ कुलो, पोखरी, पाइपलाइन निर्माण तथा मर्मत | 2077/78/81 |
| 24 | डाले घाँसको विरुवा वितरण, घास व्यवस्थापन क्षमता विकास तालिम, घास उत्पादन नर्सरी स्थापना सहयोग | 2076/77 |

स्रोतः क्लस्टर तथा वडा स्तरीय छलफल, २०७५

तालिका २३वडा नं ५ का` सिंचाईका` लागि कार्ययाजे ना

| सि.न. | विवरण | योजनाको किसिम |
|---|---|---|
| 1 | भालुखोला नौविसे सिंचाई कुलो | सिँचाई कुलो |
| 2 | जरुवाखोला नौविसे पाईप लाईन | सिँचाई पाइप |
| 3 | पानीचार खोला खोलाखेत कुलो | सिँचाई कुलो |
| 4 | पधेरीखोला जिम्माल टोल पाईप लाईन | सिँचाई पाइप |
| 5 | लुग्रीखोला दमार लिफ्ट सिंचाई | लिफ्ट सिँचाई |
| 6 | माडी बारविसे लिफ्ट सिंचाई | लिफ्ट सिँचाई |
| 7 | लुग्री सरोजा लिफ्ट सिंचाई | लिफ्ट सिँचाई |
| 8 | माडी विरीवाङ लिफ्ट सिंचाई | लिफ्ट सिँचाई |
| 9 | माडी सातविसे लिफ्ट सिंचाई | लिफ्ट सिँचाई |
| 10 | माउ कुलो तल्लो सारी | सिँचाई कुलो |
| 11 | राजा उपल्लो कुलो सारी | सिँचाई कुलो |
| 12 | पैया खोला गायखर्क कुलो | सिँचाई कुलो |
| 13 | स्यानिलेख सिंचाई पोखरी | सिँचाई पोखरी |
| 14 | पिपल धारा सिंचाई पोखरी | सिँचाई पोखरी |
| 15 | झोल तल्लो टोल सिंचाई पोखरी | सिँचाई पोखरी |
| 16 | लिफ्ट सिंचाई पोखरी झोल माथिल्लो टोल | सिँचाई पोखरी |

| | | |
|---|---|---|
| 17 | लिफ्ट सिंचाई पोखरी गायखर्क | सिँचाई पोखरी |
| 18 | लिफ्ट सिंचाई पोखरी सिस्नेरी तल्लो गाउँ | सिँचाई पोखरी |
| 19 | घढेरी खोला डाडागाउँ कुलो | सिँचाई कुलो |
| 20 | क्वायन पानी डाफेधारा पाईप लाईन | सिँचाई पाइप |
| 21 | साम्राखोला उन्नरी सिंचाई कुलो | सिँचाई कुलो |
| 22 | एक गाउँ एक प्राविधिक | प्राविधिक क्षेत्र |

स्रोतः क्लस्टर तथा वडा स्तरीय छलफल, २०७५

## ८.६ वडा नं. ६ का पकेट क्षेत्रे का विवरण र विश्लेषण

प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिकाको वडा नं. ६ को वडा कार्यालय जिपिएसको स्थानमा २८.१५०८६ पूर्वी देशान्तर र ८२.७४७५६ उत्तरी अक्षांशसम्म र समुन्द्री सतहबाट १२५० मीटर माथि अवस्थित छ। धनचौर वस्ती समेटिएको क्लष्टर १ को विशेषतामा २०-४५ डिग्री भिरालो, दक्षिणी मोहडामा रहेका, घाम लाग्ने र तुलनात्मक कम वर्षा हुने, बलौटे र गिट्टी मिश्रित माटो रहेको छ। त्यसैगरी सालबाङ, थापाखर्क वस्ती समेटिएको क्लष्टर ३ सालबाङको विशेषतामा २०-४० डिग्री भिरालो, दक्षिणपूर्वी मोहडामा रहेका, प्रयाप्त घाम लाग्ने वर्षा हुने, बलौटे माटो भएको र बेलवास क्लष्टर ४ मा बेलबास, निङ्ला, केपा समेटिएको यस क्षेत्र दक्षिणपूर्व र दक्षिणपश्चिमी मोहडामा अवस्थित, सुख्खा बलौटे माटो, घाम लाग्ने, ५-४० डिग्री भिरालोमा रहेको छ।

अन्य क्लष्टरको जस्तै यस क्लष्टरहरुका सूचना तथा जानकारी लिन उक्त क्षेत्रका विभिन्न सरोकारवालाहरु जस्तै कृषकहरु, व्यापारीहरु, सामग्री आपूर्तिकर्ता र सरकारी सरोकारवालाहरुसंग लक्षित समूह छलफल गरिएको थियो।

तालिका २४वडा नं.६ का क्लष्टरहरुमा उत्पादनहरुको विवरण

| क्लष्टर | उत्पादन (कि.ग्रा/रोपनी) | | | | पशुपालन | |
|---|---|---|---|---|---|---|
| | अन्नवाली | फलफूल | तरकारीहरु | गै.का.व.पै. | जीवित बाखाको तौल | भैंसी/गाईको दुध |
| १ | १३० | ३०४ | १३२० | ३६७ | बाखा- २५ | |
| २ | १०२ | १४३४ | १४०० | ४२५ | | भैसी २.७५ लि |
| ३ | ८४ | ११०० | १३९५ | ३६७ | | |
| ४ | १५७ | ९४४ | १४२० | ४६५ | | |
| प्राथमिकता | मकै,गहु र तोरी | कागती,आँप र अम्बा | आलु गोलभेडा काउली बन्दा | टिमुर दालचिनी र चिउरी | | |

वडा नं. ६ को चारै क्लष्टरहरुको तथ्यांकलाइ हेर्दा अन्नबालीको उत्पादन क्विन्टल प्रति रोपनी निक्कै कम रहेको भएपनि फलफूल उत्पादन भने राम्रो भएको पाईयो जसमा ३०० देखि १४०० कि.ग्रा. प्रति रोपनीसम्म उत्पादन भएको पाईयो भने यसमा अमिलोले साथ दिएको छ जुन २२०० कि.ग्रा. प्रति रोपना भएको पाईयो । तरकारी उत्पादन राम्रै रहेको जुन १३ देखि १४ क्विन्टल प्रति रोपनी रहेको छ। यसमा आलु मूख्य हो भने

ट क्षेत्र

अन्यमा गोलभेडा, काउली र बन्दा रहेको छ। गैरकाष्ठ वन पैदावार अन्तर्गत अम्लिसोको उत्पादन २ नं. क्लष्टरमा राम्रो रहेको जुन ३.५ देखि ४.५ क्विन्टल प्रति रोपनी उत्पादन भएको छ। पशुपालनको अवस्था क्लष्टर ३ र ४ मा राम्रो रहेको छ। पहिलो दुईटा क्लष्टरहरुमा तरकारी उपयुक्त उत्पादनको रुपमा रहेको छ भने बाँकी पछिल्ला दुई क्लष्टरहरुमा पशुपालन रहेको देखिन्छ । प्राथमिकिरण सूचीलाई हेर्दा यहाँको क्लष्टर १ र २ मा पहिलो उत्पादनको क्षेत्र तरकारीलाई देखाएपनि ८० जना मध्ये ५ जनाले मात्र व्यवसायिक तरकारी खेती गरिरहेको क्लष्टर १ मा जुन खेतीयोग्य ३५० रोपनी जग्गा मध्ये २० रोपनीमा मात्र तरकारी लगाईएको पाईयो । यस्तै अवस्था क्लष्टर २ को पनि रहेको छ । पशुपालन व्यवसाय मूख्य रहेको छ भने ८० मध्ये ६० जना कृषकहरुले व्यवसायिक पशुपालन गर्दै आएको र क्लष्टर ४ मा २५० मध्ये २२० कृषकहरुले व्यवसायिक पशुपालनमा संलग्न भएका छन् ।

सिंचाई सुविधा विस्तार भएमा तरकारी खेती लगाउन योग्य ९०० रोपनी मध्ये ११० रोपनी जग्गामा मात्र हाल तरकारी खेती भईरहेकोले तरकारी खेतीको अत्यधिक सम्भावना देखिन्छ र क्लष्टर १ र २ का ४७० सम्भावित कृषकहरु रहेकोमा हाल ६० जना मात्र तरकारी उत्पादनमा संलग्न रहेकोले यस क्षेत्र विकासको लागि तरकारी खेती बिस्तारको सम्भावना रहेको छ भने क्लष्टर ३ र ४ मा बाखापालन व्यवसाय उपयुक्त रहेको देखिन्छ । फिल्डबाट संकलित सत्य तथ्यलाई आधार मान्दा नगरपालिकाको वडा नं. ६ मा अध्ययन टोलीले तल उल्लेखित उत्पादनहरुको सम्भावना रहेको र उक्त वस्तुहरु लगाउन सिफारिस गर्दछः तालिका २५स्वर्गद्वारी वडा नं. ६ को क्लष्टरहरुको लागि सिफारिस गरिएका क्षेत्रहरु

| क्र.सं. | क्लष्टर | व्यवसायिक पकेट | सिफारिस गर्नुको तर्क |
| --- | --- | --- | --- |
| १ | १ धनचौर | तरकारी खेती | अहिले ८० कृषकहरु मध्ये ५ जनाले व्यवसायिक तरकारी खेत गर्दै आएको र ३५० रोपनी खेतीयोग्य जमीन मध्ये २० रोपनीमा तरकारी खेती हुँदै आएको यस क्लष्टर २०-४५ डिग्री भिरालो धेरै दक्षिण मोहडा, प्रशस्त घाम लाग्ने र तुलनात्मक पानी कम पर्ने स्थान हो । सडक संजाल र बजार नजिक भएकोले उच्च मूल्यका बालीहरु लगाउन सिफारिस गरिन्छ । |
